CESIF
Centre for Social Inclusion and Federalism

# नेपाली मिडियामा चीनको प्रभाव र फेरिंदो नेपाल नीति

## अनुसन्धान प्रतिवेदन

# नेपाली मिडियामा चीनको प्रभाव र फेरिँदो नेपाल नीति

## अनुसन्धान प्रतिवेदन

CESIF
Centre for Social Inclusion and Federalism

# नेपाली मिडियामा चीनको प्रभाव र फेरिंदो नेपाल नीति

प्रकाशन वर्ष २०८० (सन् २०२३)

**प्रकाशक**

सेन्टर फर सोसल इन्क्लुजन एण्ड फेडेरेलिज्म
कुमारीपाटी, ललितपुर
फोन : +९७७-१-५४०८८१४/०५
इमेल : info@cesifnepal.org
वेबसाईट : www.cesifnepal.org

सर्वाधिकार © सेन्टर फर सोसल इन्क्लुजन एण्ड फेडेरेलिज्म

लेआउट/आवरण/सज्जा : पेन्टाग्राम प्रा. लि.

ISBN : 978 9937 1 4452 0

# आभार

यस प्रतिवेदनको अनुसन्धान तथा लेखन बाबुराम विश्वकर्मा र जेवी पुन मगरले गर्नु भएको हो । यस अध्ययनको प्रारम्भिक परिकल्पना तथा सम्पादन अर्पण गेलालले गर्नु भएको हो । यस अध्ययनका दौरान अन्तर्वार्ता गरिएका विभिन्न संचार माध्यमका संचालक तथा पत्रकार, राजनीतिज्ञ, नेपाल सरकारका कर्मचारी, नागरिक समाजका प्रतिनिधि, विषय विज्ञ तथा विश्लेषक लगायत सम्पूर्णमा सेन्टर फर सोसल इन्क्लुजन एण्ड फेडेरेलिज्म आभार व्यक्त गर्दछ ।

**सेन्टर फर सोसल इन्क्लुजन एण्ड फेडेरेलिज्म**
कुमारीपाटी, ललितपुर

# अध्ययन विधि

यस अध्ययनका लागि सूचना संकलन गर्न विभिन्न क्षेत्रका व्यक्तिहरूसँग अन्तर्वार्ता गरिएको थियो । मुलतः नेपालका विभिन्न संचारमाध्यमका पत्रकार तथा संचालक, राजनीतिज्ञ, नेपाल सरकारका कर्मचारी, नागरिक समाजका जानकार प्रतिनिधि, विषय विज्ञ तथा विश्लेषकहरूसँग विभिन्न चरणमा संवाद गरिएको थियो । त्यसका अलावा विभिन्न समसामयिक दस्तावेज, पुस्तक, नेपाल-चीन द्विपक्षीय सम्झौता तथा भेटघाटका प्रेस विज्ञप्ति तथा पत्रपत्रिकाबाट सूचना संकलन गरिएको थियो । अध्ययनका दौरान विभिन्न संस्थाका सामाजिक संजालका खाता तथा तिनका वेवसाईटका सामग्रीहरूको समेत विश्लेषण गरिएको थियो ।

# विषयसूची


| | |
|---|---|
| १. नेपालमा बढ्दो भूराजनीति र चीनको मिथ्या सूचना श्रृंखला | १ |
| २. चीनीया प्रोपोगाण्डा मशीनको उत्पत्ति | १५ |
| ३. मूलधारका मिडियामा चीनको प्रभाव | २९ |
| ४. यान्छीको आक्रामक कार्यकाल | ३५ |
| ५. निचोड र सुझाव | ४० |

# १ नेपालमा बढ्दो भूराजनीति र चीनको मिथ्या सूचना श्रृंखला

> *एमसीसीको विरोधमा मिथ्या सामग्री त्यस्तो बेला उत्पादन गरी मिडिया तथा सामाजिक सञ्जालमा छरिएको थियो जतिबेला नेपाली संसदले अमेरिकी सहयोग परियोजना एमसीसी संसदबाट अनुमोदन गर्न दलहरुबिच मतैक्तया कायम गर्ने प्रयत्न गरिरहेको थियो । सञ्चारमाध्यम मार्फत प्रसारित भइरहेका एमसीसी सम्बन्धि पक्ष-विपक्ष सामग्रीले नेपाली समाज नै विभाजित हुन पुग्यो ।*

चीनको राजधानी बेइजिङमा मुख्यालय रहेको चाइना रेडियो इन्टरनेशनलद्धारा संचालित नेपाली अनलाईन  पोर्टल नेपाल डट सीआरआई डट सिएनको फेसबुक पेजमा २७ फ्रेबुअरी २०२२ मा पोस्ट गरिएको एउटा भिडियो छ, जसमा लालिमा नाम धारण गरेकी चीनीया संवाददाता नेपाली भाषामा नेपालले झण्डै रू ६० अर्ब बराबरको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना पास गरे कसरी अमेरिकी सेनाले नेपाली भूमिमा बुट बजार्छ भन्ने आशयको ब्याख्यान दिइरहेकी छिन् ।

बुँदागत रुपमा नेपालका निम्ति एमसीसी किन घातक छ भन्दै लालिमा तर्क गर्छिन, “नम्बर एक, एमसीसीको सहयोगबाट बन्ने सबै परियोजनालाई कर छुट दिनुपर्छ । यो भनेको यी परियोजना नेपालमा भएता पनि नेपाली सरकारसँग कर अधिकार छैन । दुई, एमसीसीका कारण नेपालमा काम गर्न आएका विदेशी कामदारले नेपाली कानुन उल्लंघन गरेमा तिनलाई दण्डित गर्ने नेपालसँग अधिकार छैन । यस सम्बन्धमा जापान र दक्षिण कोरियामा तैनाथ वर्तमान अमेरिकी सेनालाई सन्दर्भ गर्न सकिन्छ । स्पष्ट भन्नुपर्दा, यो उपनिवेशिक युगमा विदेशी अधिकार हो ।” एमसीसीभित्र भएका असमान सन्धिले कसरी नेपाली जनतालाई पासोमा पार्दै लैजान्छ भन्दै लालिमा भिडियोमा अगाडि थप्छिन् “तीन, एमसीसीको सबै लेखापरीक्षण गर्ने अधिकार अमेरिकाको हो भने नेपाल सरकारलाई त्यसमा हस्तक्षेप गर्ने अधिकार छैन । यी परियोजना संचालनमा हुने बौद्धिक सम्पत्तिको अधिकार पनि अमेरिकाको स्वामित्वमा रहेको छ । चार, अमेरिकाले कुनै पनि समयमा एमसीसीलाई एकतर्फी रुपमा बन्द गर्न सक्छ, तापनि नेपालले केही गर्न सक्दैन ।”

यसरी एमसीसीको चार बुँदे नकारात्मक पक्षबारे नेपाली श्रोता/दर्शकलाई ब्याख्यान दिइरहेकी लालिमा भिडियोको अन्त्य गर्दै भन्छिन् "शान्तिपूर्ण आर्थिक विकास र जनताको जीवन सुधारको चाहनामा रहेको नेपाललाई अमेरिकी शैतानको हातमा पुऱ्याउन बन्द गर्नुहोस ।"[१] यो रिपोर्ट तयार पार्दासम्म सामाजिक संजाल फेसबुकमा समेत राखिएको यो भिडियो ४ लाख ३० हजार जनाले हेरिसकेका थिए भने १६ हजार भन्दा बढी लाइक, ५२३ वटा टिप्पणी र ४४ सय जनाले शेयर गरिसकेका थिए । चीनमा फेसबुक जस्ता पश्चिमा देशबाट संचालित सामाजिक संजाल प्रतिबन्धित छ । त्यहाँ अनधिकृत तरिकाले मात्र यी सामाजिक संजाल उपयोग गर्न पाईन्छ । फेसबुकमा भिडियो पोष्ट गरिनुको निहितार्थ ती सामग्रीको माध्यमबाट नेपालभित्र र बाहिर रहेका नेपालीजनको मानसिकतामाथि प्रभाव पार्नु हो भन्ने बुझ्न सकिन्छ । नेपालबाट संचालित भइरहेको सिआरआई नेपाली सेवाको फेसबुक पेज फलो गर्नेहरूको संख्या नै २ करोड ८० लाख पुगिसकेकोले यसले दिने सामग्रीको प्रभाव व्यापक रहेको अनुमान गर्न सकिन्छ ।

लालिमाको नेपाली भाषामार्फत गरिएको एमसीसी माथिको धुँवाधार नकारात्मक टिप्पणी यतिमै रोकिदैन । उनै लालिमाले त्यसको एक महिना (१ मार्च २०२२ मा) पछि भिडियोमा झन् चर्को स्वरमा एमसीसी विरूद्ध बिषवमन गरेकी छन् । नेपालको सच्चा मित्र को हो ? एमसीसी पारित गर्नका लागि अमेरिका किन नेपालमाथि दबाब दिंदैछ ? शीर्षकको भिडियोमा लालिमाले गरेको तीन बुँदे टिप्पणी यस्तो छ - "नम्बर एक - एमसीसीलाई श्रीलंकाले अस्वीकार गरी सकेको छ । त्यसबाट अमेरिका उत्तेजित भएको छ । नम्बर दुई - अमेरिकाको इन्डोप्यासिफिक रणनीति कार्यान्वयनको चरणमा प्रवेश भएको छ । नेपालमा एमसीसी सम्झौता नै इन्डोप्यासिफिक रणनीतिको महत्वपूर्ण अंश हो । नम्बर तीन - अमेरिकाले भारतको क्षेत्रीय नेतृत्वको समर्थन गर्ने स्पष्ट पारेको छ । यसको अर्थ अमेरिका र भारत संयुक्त रूपमा नेपाललाई सञ्चालन गर्ने नीतिमा छन् ।"

"चीन र नेपालबिचको मैत्रीपूर्ण आवतजावत ऐतिहासिक रूपमा जारी छ । चीनको स्वायत्त प्रदेश ल्हासामा महाबाणिज्य दुतावास रहने एक मात्र मुलुक नेपाल हो । सन् २०१७ मा नेपाल र चीनले बीआरआइमा हस्ताक्षर गरेका थिए ।" एमसीसीको विरोधमा बनाइएको यो भिडियोको अन्त्यमा चीनलाई नेपालको असल मित्रको रूपमा प्रस्तुत गर्दै भनिएको छ – "सन् २०१९

[१] https://www.facebook.com/crinepali/videos/4749303495168954 (२४ फेब्रुअरी २०२३ मा हेरिएको)

मा चीन नेपाल सम्बन्धलाई समृद्धि उन्मुख युगौंयुग मैत्रीपूर्ण बनाउन रणनीतिक साझेदारी सम्बन्धमा विकास गरिएको थियो । त्यसो भए नेपालको असल मित्र को हो ? चीनको असल छिमेकी नेपालमा आन्तरिक र बाह्य हस्तक्षेप नभए मात्र समृद्ध नेपाल र सुखि नेपाली भन्ने लक्ष्य प्राप्त हुन सक्छ ।"[२]

नेपालीमाझ फेसबुक पेज मार्फत भाइरल गराइएको यो भिडियो पनि २ लाख ७८ हजार जनाले हेरिसकेका छन् भने भिडियोलाई २९ सय जनाले शेयर गरेका छन् । भिडियोमा ७४१ जनाले टिप्पणी गरेका छन् । यसमध्ये एमसीसीको विरोधमा लेख्ने नेपालीहरूको संख्या शतप्रतिशत देखिन्छ ।

चीनको सरकारी मिडिया सीआरआईलाई चीनीया नेताहरूकै शब्दमा "शदियौं देखिको असल छिमेकी" को आन्तरिक मामिलामा दख्खलअन्दाजी गरी नेपालसँग दौत्य सम्बन्ध रहेको अमेरिकी सरकार विरूद्ध उक्साएर दृश्य श्रव्य सामग्री बनाउन दुरूपयोग गरिएको छ । तर यस बारे चीनीया परराष्ट्र मन्त्रालय र सञ्चार मन्त्रालयले सीआरआई विरूद्ध न एक शब्द बोलेको न नेपाल सरकारको तालुकदार मन्त्रालयले कुनै प्रतिक्रिया जनाएको छ । चीनका मिडियाबाट नेपाली भाषामा उत्पादन गरिएका एमसीसी विरूद्धका यस्ता सामग्रीहरू इन्टरनेटमा छरपरस्ट छन्, जसले नेपाली समाजमा जर्बजस्त बिचार निर्माण गरिहेको छ । चीनीया सरकारी मिडियाबाट मात्र होइन एमसीसी विरूद्धका यस्ता सामग्री नेपाली मिडियामार्फत पनि धेरै उत्पादन गरिएका छन् । यस्ता सामग्रीलाई साभार र सन्दर्भ गरेर बनाइएका युट्युबरहरूका भिडिओ पनि धेरै संख्यामा अपलोड गरिएका छन् । राम्रा सब्सक्राइबर भएका युट्युब च्यानलहरू त एमसीसी विरूद्ध सामग्री उत्पादन मात्र गरिरहेका थिएनन् सडकमा एमसीसी विरोधी नारा लगाएर दौडिएका पनि देखिन्थे ।

एमसीसीको विरोधमा यी सामग्री त्यस्तो बेला उत्पादन गरी मिडिया तथा सामाजिक सञ्जालमा छरिएको थियो जतिबेला नेपाली संसदले अमेरिकी सहयोग परियोजना एमसीसी संसदबाट अनुमोदन गर्न दलहरूबिच मतैक्तया कायम गर्ने प्रयत्न गरिरहेको थियो । सञ्चारमाध्यम मार्फत प्रसारित भइरहेका एमसीसी सम्बन्धि पक्ष-विपक्ष सामग्रीले नेपाली समाज नै विभाजित हुन पुग्यो । त्यसको प्रभाव अझै हटी सकेको छैन । एमसीसी सम्बन्धी मिडिया सामग्रीको प्रभाव

[२]https://www.facebook.com/crinepali/videos/949932989216972 (२६ फेब्रुअरी २०२३ मा हेरिएको)

कतिसम्म बलियो देखियो भने एमसीसी परियोजनालाई संसदबाट पारित गराउन लागी परेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) समेत एमसीसी विरूद्ध सडकमा आयोजना गरिएको विरोध सभा, धर्ना र नाराबाजीमा सामेल भए । जबकि, प्रचण्डले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग गरेको संयुक्त हस्ताक्षरित पत्रमा अमेरिकी सरकारलाई २०७९ को मध्य फागुनसम्ममा नेपाली संसदबाट एमसीसी अनुमोदन गराउने आश्वासन दिएका थिए । नेपाली नेतृत्वमा यस्ता द्वैध चरित्र प्रकट हुनुका पछाडि मित्रराष्ट्र चीनको दखलअन्दाजी सबैभन्दा निर्णायक कारण थियो । सरकारको लगानीमा संचालित चीनीया मिडियाले चीन सरकारको आधिकारिक भाषामै संवाद गरिरहेका हुन्छन् । तर, एमसीसी रोक्न चीनीया मिडिया नेपाली भाषा नै प्रयोग गरेर खुल्लेआम मैदानमा उत्रिएको थियो ।

चीन सरकारको आधिकारिक सञ्चार संस्था सिन्ह्वाको आवासीय प्रतिनिधिको रूपमा एक दशक काठमाडौंमा बिताएका चाउ सेङपिङको नेपाल बारे चीनीया दृष्टिकोण बुझाउने पुस्तक नेपाल इन द आइज अफ अ चाइनिज जर्नालिस्ट : मेन्ड अर इन्ड (नेपालीमा अनुवाद भएको यो पुस्तकको नाम चीनीया पत्रकारको नजरमा नेपाल : सुधार वा समाप्त होऊ राखिएको छ ।) मा नेपालले एमसीसी किन अस्विकार गर्नुपर्छ ? भन्ने एउटा खण्ड नै छ, त्यसमा भनिएको छ - "संसारमा सित्तैमा सियो पनि पाइदैन । एमसीसीले नेपाल सरकारलाई ५ सय मिलियन डलरसम्म सहयोग उपलब्ध गराउनेछ, जुन नेपालले अहिलेसम्म प्राप्त गरेको सबैभन्दा ठूलो आर्थिक सहायतालाई नेपालले स्वीकृत गर्ने छ तर यसको बदलामा वा नजरानास्वरूप नेपालले यो अमेरिकी कम्पनीलाई आफ्नो सम्प्रभुता, सर्वोच्च अधिकार र शक्ति हस्तान्तरण गर्नुपर्ने छ ।"[३] नेपाल आउनुअघि सन २००५-२०११ सम्म सिन्ह्वाको मुख्य कार्यालय बेइजिङमा सम्पादकको रूपमा कार्यरत चाउको दृष्टिकोण वास्तवमा चीनीया सरकारको आधिकारिक धारणा जस्तै थियो भन्ने तथ्य केही समयको अन्तरालमै खुल्यो । उनको बोलीमा लोली मिलाएर चीनका सरकारी मिडिया एमसीसी विरूद्ध खनिए भने नेपालमा पनि एमसीसी विरोधी स्वर चर्कियो ।

चीनीया पक्षबाट आएका एमसीसी विरूद्धका मिडिया सामग्री किन र केका निम्ति उत्पादन भएका थिए ? त्यसको कारण र प्रभाव नेपालका निम्ति निकै संवेदनशील देखिन्छ ।

---

[३]Shengping, Z. (2021). Mend or End: Nepal in the eyes of a Chinese journalist

# *एमसीसी - चीनीया नजरमा चीन घेर्ने अमेरिकी परियोजना*

> *एमसीसी विरुद्ध चीनीया आक्रमकता बढ्दै गएपछि त्यसमाथि टिप्पणी गर्दै २०२२ को फेब्रुअरीको दोस्रो साता अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले 'नेपालमा एमसीसी विरुद्ध मिथ्या सूचना फैलनुमा चीनको हात रहेको आफ्नो देशले ठानेको' बताएपछि विश्वका पहिलो र दोस्रो शक्तिशाली देशबिच चलेको वाकयुद्ध दुनियाँले देख्ने गरी सार्वजनिक भयो । उनले भारतीय दैनिक पत्रिका हिन्दुस्तान टाइम्सलाई नेपालमा एमसीसी विरुद्ध भइरहेका विरोधको जवाफ दिँदै भनेका थिए- 'चीनले एमसीसी विरुद्ध मिथ्या सूचना फैलाउने अभियानमा सक्रिय रुपमा उक्साएको वा प्रोत्साहन गरेको वा लगानी गरेको वा सहजीकरण गरेको वा ती सबै गरेको अमेरिकालाई लाग्छ ।*

१४ सेप्टेम्बर २०१७ मा अमेरिकाको राजधानी वासिङ्टनमा नेपालका तर्फबाट तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र अमेरिकाबाट एमसीसीका सीइओ जोनाथन नाशले सम्झौतामा हस्ताक्षर गरेलगत्तै एमसीसी नेपालमा भित्रिन नदिन चीन सरकार मिडियामार्फत आक्रामक विरोधमा उत्रियो । अमेरिकाले दिने झण्डै रु. ६० अर्ब अनुदान मध्ये रु ४५ अर्ब अन्तरदेशीय प्रसारण लाइन र बाँकी सडक मर्मत र अन्य विषयमा खर्च गरिने एमसीसी सम्झौतामा उल्लेख छ । साथै, एससीसी परियोजनामा नेपालले आफ्नो तर्फबाट थप रु १५ अर्ब लगानी गर्नुपर्ने शर्तनामा लेखिएको छ । २९ सेप्टेम्बर २०१९ मा केपी ओली नेतृत्वको सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाले एमसीसी कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेर तत्कालीन सरकारले मन्त्रिपरिषदबाट निर्णय गरी १५ जुलाई २०१९ मा अनुमोदनका निम्ति संसदमा दर्ता गराएको थियो ।

तर, चीनले अमेरिकाको यो अनुदानभित्र ठूलो राजनीतिक स्वार्थ लुकेको भन्दै संसदबाट अनुमोदन नगर्न प्रत्यक्ष परोक्ष नेपाली नेतृत्वमाथि दबाव बनाएको थियो । संसदबाट अनुमोदन गराउन दलका नेतृत्वबिच भएका छलफलमा चीनीया सरोकार प्रकट हुने गरी छिरेपछि नेपाली

भूमी अमेरिका र चीनको भू-राजनीतिक वाक अखडामा परिणत हुन गयो । अमेरिकाले भारतको सहयोगमा चीन घेर्ने सैन्य रणनीति बमोजिम पूर्वाधारको आवरणमा नेपालभूमी प्रयोग गर्न थालेको बुझाईमा चीनले एमसीसीको विरोध गरेको खुल्लेआम देखियो । त्यसैले यसलाई संसदबाट रोक्न चीनले सक्दो बल लगाएको थियो । उत्तरी छिमेकी चीनको एमसीसीलाई हेर्ने दृष्टिकोण र नेपालमा राजनीतिक दलहरूबिचमै सहमति नजुटेका कारण ओली नेतृत्वको सरकारका पालामा यो परियोजना संसदबाट अनुमोदन हुन सकेन ।

शुरूमा मिडियाको प्रयोग गरेर एमसीसी अनुमोदन गरे नेपालभित्र अमेरिकी हस्तक्षेपको नाङ्गो नाच शुरु हुनेछ भनी बताउने/सिकाउने चीनीया पक्षले जनतामाझ एक खालको मानसिकता बन्न शुरु गरेपछि भने यो परियोजना विरूद्ध खुलेरै चीनीया पक्षधरता राख्न थाल्यो । एमसीसीलाई प्राणघातक परियोजनाको रूपमा ब्याख्या गर्ने सिन्ह्वाको नेपाल प्रमुख रही १० वर्ष काम गरेका संचारकर्मी चाउ सेउपीङ आफ्नो पुस्तकमा नेपालका निकट छिमेकीहरूले एमसीसीबारे किन चासो राख्नुपर्छ ? भन्ने प्रश्नको जवाफमा लेख्छन्- "यसको उत्तरको केही भाग के हो भने यो अमेरिकी सरकारको अधीनमा रहेको कम्पनी नेपालको कानुनभन्दा माथि रहन्छ, जसले नेपालको कानुन अनुसार कार्य सम्पादन गर्ने छैन । यस परिस्थितिमा नेपालका निकटवर्ती छिमेकी चीन र इण्डियाले एमसीसीका गतिविधि र यसबाट उत्पन्न हुने नतिजाहरूप्रति चनाखो हुनैपर्छ । भूराजनीतिक रूपमा नेपालका लागि बुद्धिमतापूर्ण उपाय भनेको एमसीसीलाई स्वीकार गर्नुबाट पछि हट्नु नै हो- सम्पूर्ण रूपमा ।"[४]

यसरी एमसीसीको नकारात्मक चित्रण गर्ने चीनीया पत्रकार तथा बौद्धिकहरूले कहिले पनि नेपाली जनतालाई यो तथ्य बताउन चाहेको देखिएन - एमसीसी अनुदान हो भने २०१७ मा चीनसँग नेपालले गरेको बेल्ट एण्ड रोड इनिसिएटीभ (बीआरआई) अनुदान होइन, ऋण हो । ऋणको पासोमा फसेर निस्कन नसकेका देश विश्वभर बढ्दै गएका छन् ।

एमसीसी विरूद्ध चीनीया आक्रमकता बढ्दै गएपछि त्यसमाथि टिप्पणी गर्दै २०२२ को फेब्रुअरीको दोस्रो साता अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले 'नेपालमा एमसीसी विरूद्ध मिथ्या सूचना फैलनुमा चीनको हात रहेको आफ्नो देशले ठानेको' बताएपछि विश्वका पहिलो र दोस्रो

[४]Shengping, Z. (2021). Mend or End: Nepal in the eyes of a Chinese journalist

शक्तिशाली देशबिच चलेको वाकयुद्ध दुनियाँले देख्ने गरी सार्वजनिक भयो । उनले भारतीय दैनिक पत्रिका हिन्दुस्तान टाइम्सलाई नेपालमा एमसीसी विरूद्ध भइरहेका विरोधको जवाफ दिंदै भनेका थिए- 'चीनले एमसीसी विरूद्ध मिथ्या सूचना फैलाउने अभियानमा सक्रिय रूपमा उक्साएको वा प्रोत्साहन गरेको वा लगानी गरेको वा सहजीकरण गरेको वा ती सबै गरेको अमेरिकालाई लाग्छ ।'[५]

चीन लक्षित अमेरिकी प्रवक्ताको भाषामा नेपालका निम्ति पनि चेतावनी लुकेको थियो । उनले चेतावनीको भाषामा बोले - "यदि बाह्य प्रभाव र भ्रष्ट्राचारको प्रभावमा पारेर सांसदहरूले यो विद्युत प्रसारणलाइन निर्माण परियोजना विरूद्ध मत जाहेर गरे भने त्यो ज्यादै चिन्तानक हुनेछ र नेपाली जनताका लागि क्षति हुनेछ ।'[६] उनले बाह्य प्रभाव भनी चीनीया प्रभावलाई संकेत गरेका थिए भने नेपाली सांसदहरु सत्ता र शक्तिको लोभमा फस्न सक्ने चेतावनी दिन पनि चुकेका थिएनन । उनको यो कथन आउनु सन् २०२२ फेब्रअरीको पहिला साता दक्षिण तथा मध्य एशियाली मामिला सम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले तत्कालीन प्रधानन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई टेलिफोन गरेर चेतावनीयुक्त यही भनाइ कानमा पारेका थिए । नेपाली संचारमाध्यमा लेखिए अनुसार, नेपालले संसदबाट एमसीसी अनुमोदन नगरे अमेरिकाले आफ्नो नेपाल नीति मै पुर्नविचार गर्ने चेतावनी दिएको थियो ।[७]

आफुलाई जोडेर अमेरिकाको यस्तो चेतावनी आएपछि चीनीया सरकारको अंग्रेजी मुखपत्र ग्लोबल टाईम्समार्फत चिनिया इन्स्टिच्युट अफ इन्टरनेशनल स्टडिजका एशिया प्रशान्त विभागका प्रमुख लान जिआनसूले एउटा लेखमार्फत सन् २०१९ मा अमेरिकी विदेश मन्त्रालयका दक्षिण एशिया हेर्ने कार्यवाहक उपसहायक मन्त्री डेभिड जे रान्जले बोलेको भनाई उधृत गर्दै 'नेपालमा एमसीसी इन्डो प्यासिफिक रणनीति अर्न्तगत कार्यान्वयन भइरहेको सबैभन्दा महत्वपूर्ण परियोजना भएको' बताए । उनले यो परियोजना सैन्य रणनीति अनुरूप आएकोले यसको अन्तर्यमा खतरनाक योजना लुकेको जवाफ फर्काए । उनले लेखेका छन् - 'एमसीसी

---

[५]https://www.hindustantimes.com/world-news/us-believes-china-behind-delay-of-500m-grant-project-in-nepal-101644830409010.html
[६]https://www.hindustantimes.com/world-news/us-believes-china-behind-delay-of-500m-grant-project-in-nepal-101644830409010.html
[७]https://theannapurnaexpress.com/news/us-assistant-secretary-lu-warns-of-reviewing-relations-with-nepal-if-mcc-is-not-endorsed-4360

शुरुवातदेखि नै पूर्वाधार निर्माणको आवरणभित्रको एउटा भूराजनीतिक साधन थियो । पूर्णरुपमा एमसीसीलाई अनुमोदन गर्नु नेपाललाई चीनविरोधी अमेरिकी कित्तामा उभ्याउनु हो ।'[८] उनले लेखमा अमेरिकालाई पूर्वाधार निर्माणको आवरणमा चीन वरपर समस्या निम्त्याउन लागिपरेको आरोप लगाएका छन् । एमसीसी विरुद्ध चीनीया संलग्नतालाई लिएर प्राज्ञ जिआनसुले अमेरिकाले चीन र नेपालबिच बेमेल र विवाद जन्माउने उद्देश्य राखेर चीनलाई बदनाम गराइरहेको आरोप समेत लगाएका छन् । उनले लेखेका छन् –'उनीहरु (नेपाल) चीन वा अमेरिकामध्ये एउटा रोज्न चाहँदैनन वा अमेरिकाको प्यादामा खुम्चिन चाहँदैनन । चीनका छिमेकीलाई चीनविरुद्ध प्रयोग गर्ने अमेरिकाको पुरानो रणनीति विफल भइसकेको छ र यसले भविष्यमा पनि काम गर्ने छैन ।'[९]

पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिमा चलिरहेको भनिएको देशको आन्तरिक मामिलामा दुई ठूला हात्तीको यो वादप्रतिवाद नेपालका निम्ति सानो दबाव थिएन । एकातिर चीनमुखि मिडियामार्फत भएका एमसीसी विरुद्धका प्रचारबाजी र चीनीया पक्षले हरेक च्यानलमार्फत दिएको दबाव बढ्दो थियो भने अर्कोतर्फ पुरानो र शक्तिशाली मित्र अमेरिकाको तारम्तारको चेतावनी जारी थियो । वस्तुत नेपाल साँच्चिकै ठूलो भुराजनीतिक दबावको चपेटामा थियो । अन्ततः झेली नसक्नुको दबाब बिच नेपाली काङ्ग्रेसको नेतृत्वको सरकारको अगुवाईमा तत्कालीन प्रतिनिधिसभाले २० फेब्रुअरी २०२२ मा टेबुल गरिएको सम्झौता २७ फेब्रअरी २०२२ मा ११ बुँदे व्याख्यात्मक टिप्पणी सहित पारित गरेर चीनको एमसीसी रोक्ने योजनालाई असफल पारी दियो ।

## *एमसीसीपछि चीनको आँखा बीआरआई र एसपीपीमा*

नेपाल भूमीमा एमसीसी प्रकरणमा मुखर भएको यो हात्ती जुधाई संसदबाट एमसीसी अनुमोदन भएपछि पनि रोकिएन, झन् बढेर गयो । नेपालले चीनसँग सन २०१७ मे १२ मा बीआरआई सम्झौतामा हस्ताक्षर गरेको थियो । यसको पाँच महिना नपुग्दै सन २०१७ को सेप्टेम्बर १४ मा नेपालले अमेरीकासँग सम्झौता भएको पाँच वर्षपछि मात्रै शुरु हुने एमसीसी सम्झौतामा हस्ताक्षर गरेको थियो । चीनले नेपालसँग बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) मा सहकार्य गरेपछि

[८] https://www.globaltimes.cn/page/202202/1252306.shtml
[९] https://www.globaltimes.cn/page/202202/1252306.shtml

> *एमसीसी र एसपीपी प्रकरणमा चीनले नेपाली मिडियामार्फत जे जसरी अमेरिकाको छवि ध्वस्त पार्न खुलेर सक्रियता देखियो चीनीयाहरुले नेपाल नीतिमा मसिनो गरी काम गरिरहेका छन् भन्ने प्रष्ट भयो । चीनले नेपालमा भारत र अमेरिकाको शक्तिलाई सन्तुलनमा राख्न मिडिया र वाम दल नै भरपर्दा सारथी हुन्छन् भनेर नै यी दुई क्षेत्रमा चुपचाप लगानी गरिरहेको छ । त्यो लगानी सबैलाई आश्चर्यमा पार्ने खालको छ ।*

अमेरिकाले बाध्य भएर दुराशयपूर्ण तरिकाले एमसीसी सम्झौतामा हस्ताक्षर गरेको तर्क दिएका चीनीया पत्रकार सेङपिङ चेतावनीको भाषामा पुस्तकमा लेख्छन्, '५५० मिलियन युएस डलरले चीनको प्रत्यक्ष वैदेशिक लगानीलाई आघात गर्ने एवं एक-चीन नीतिप्रति प्रतिबद्ध रहने नेपालको स्थायित्व दुर्घटनामा परेर समाप्त हुन सक्छ ।'[१०]

नेपाल र चीनबिच बीआरआईमा सहमति २०१७ मा भए पनि त्यसले पूर्णता पाउन २ वर्ष पर्खिनु परेको थियो । २१ जुन २०१८ मा प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा जाँदा दुई देशलाई  बन्दरगाह, सडक, रेल, उड्यनन र संचारले जोड्ने परियोजना ट्रान्स हिमालयन मल्टिडाइमेन्सनल कनेक्टिभिटी नेटवर्क बनाउने सहमति गरियो । त्यसलाई २७ अप्रिल २०१९ मा बेइजिङमा भएको दोश्रो बीआरआई सम्मेलनमा सहभागी राष्ट्रपति बिद्यादेवी भण्डारीले बीआरआई अर्न्तगत पारिएका ती परियोजनालाई अझ महत्व दिएर आइन् । १२ अक्टोबर २०१९ मा नेपालमा २३ वर्षको अन्तरालमा भएको चीनका राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणमा त्यसमा हस्ताक्षर गरियो । चीनीया बौद्धिकहरूले विभिन्न मिडियामार्फत नेपालले चीनसँग सहमति गरेको बीआरआई परियोजनालाई अघि बढ्न नदिएकोले यसले गति लिन नसकेको आरोप लगाउने गरेका छन् । तर, नेपाल पक्षले भने बीआरआई परियोजना अघि बढाउन सैद्धान्तिक तहमै अन्यौल रहेको बताउने गरेको छ । पूर्वपरराष्ट मन्त्री प्रकाशशरण महत भन्छन् "बीआरआई सम्झौता कार्यान्वन कसरी गर्ने भन्ने बारे राजनीतिक दलहरूबिच सैद्धान्तिक सहमति हुन नै बाँकी छ । यो परियोजना कार्यान्वयन गर्न आर्थिक मोडालिटी नै स्पष्ट हुन बाँकी छ, बीआरआईमा समेटिएको हिमालयन वारपार रेलमार्ग नेपालको अहिलेको प्राथमिकता होइन ।"[११]

[१०] Shengping, Z. (2021). Mend or End: Nepal in the eyes of a Chinese journalist

[११] https://en.nepalkhabar.com/news/detail/1405/

एससीसी असफल पार्ने प्रयासमा चीन सफल हुन नसकेपछि चीनको ध्यान बीआरआई अघि बढाउने र अमेरिकाको अर्को कार्यक्रम स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) विरूद्ध सञ्चार संयन्त्र दुरूपयोग गर्नेतिर केन्द्रित भएको देखियो । विभिन्न च्यानलबाट दिइएका यस्ता चेतावनी, कुटनीतिक दबाब र मिडियाबाट गरिएको आक्रामक प्रचारबाजीका बावजुद एमसीसी नरोकिएपछि चीनलाई फाइदा पुग्ने र अमेरिकीलाई उदांगो पार्ने खालका समाचार नेपाली मिडियामा प्रकाशित हुन थाले । दुई देशबिच हुन थालेका सहमतिका गोप्य दस्तावेज भन्दै केही काजजात सार्वजनिक गर्न थालियो । एउटा उदाहरण थियो सन् २०१५ को सेप्टेम्बरदेखि नेपाल-अमेरिकी सेनाबिच सहकार्य गर्ने भनिएको तर सहमति नभई सकेको एसपीपीको मस्यौदा सार्वजनिकीकरण । तथापि नेपालस्थित अमेरिकी दुतावासले त्यो मस्यौदालाई फर्जी दस्तावेज भन्दै खण्डन गरी सकेको छ ।

घटना विवरण यस्तो थियो - १५ जुन २०२२ मा नेपालखबर डटकममा त्यसका तत्कालीन सम्पादक अरूण बरालको बाइलाइनमा एउटा सनसनी खोज रिपोर्ट छापियो जसको शीर्षक थियो- यस्तो छ अमेरिकी सेना भित्र्याउने १० बुँदे प्रस्तावित सम्झौता : एमसीसीपछि अब एसपीपीमा अमेरिकी ताकेता ।

बरालको रिपोर्टमा अमेरिकी रक्षा मन्त्रालय पेन्टागन र नेपाली सेनाबिच हुन लागेको स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) को हस्ताक्षर विनाको सम्झौता पत्रको मस्यौदा आफूलाई प्राप्त भएको भन्दै लेखिएको छ - यो मस्यौदा अनुसार नै सम्झौतामा हस्ताक्षर भए अब नेपालको जुनसुकै भागमा अमेरिकी सेना तैनाथ हुन पाउनेछ । प्रस्तावित एसपीपी सम्झौताको मस्यौदामा नेपालको भूमि अमेरिकी सेनाको प्रयोगका लागि बाटो खोलिएको छ । प्रस्तावित सम्झौता प्रस्तावनासहित १० वटा धारामा समेटिएको छ ।

अमेरिकाले फर्जी भनेको प्रस्तावित सम्झौताको धारा १ को उपधारा (१) मा अमेरिकी सेनाको युटा नेशनल गार्डले नेपालको कानून बमोजिम हुने गरी नेपाली सेनाका ब्यारेकहरू नेपाली सेनाले जस्तै गरी प्रयोग गर्न पाउने भनिएको छ । त्यस्तै अमेरिकी नेशनल गार्डका अतिरिक्त 'कन्ट्रयाक्टर' ले समेत सम्बन्धित गाडी र हल्का वायुयानहरू प्रयोग गर्न पाउने भनिएको छ ।

ट्रेनिङ तथा ट्रान्जिटसँग सम्बन्धित सहायता गतिविधि, मर्मत सम्भार, कर्मचारी आवास, सञ्चार, तेल भर्ने तथा तैनाथी आदिका लागि आपूर्ति सामग्रीहरूको प्रयोग गर्न नेपाल सरकारले अनुमति दिने उल्लेख छ । धारा १ ले सहमतिअनुसार अमेरिकी पक्षले अनुरोध गरेको खण्डमा नेपाल सरकारले स्थानीय सरकारको स्वामित्वमा रहेको जमिन अमेरिकी नेशनल गार्डलाई उपलब्ध गराउनुपर्ने उल्लेख गर्दै बरालले लामो रिपोर्ट लेखेका छन् ।

सम्झौतामा अमेरिकाका तर्फबाट त्यहाँको रक्षा मन्त्रालयका अधिकारीले हस्ताक्षर गर्ने प्रस्ताव गरिएको छ । नेपालका तर्फबाट सेनाका प्रधानसेनापति प्रभुराम शर्मालाई हस्ताक्षर गराउने गरी मस्यौदा तयार पारिएको उल्लेख छ भने धारा ३ को (१) मा विभिन्न ९ वटा क्षेत्रहरूमा अमेरिकी सेना र नेपाली सेनावीच सहयोग आदान प्रदान हुने भनिएको छ : जस अनुसार -

एक- उच्च भूगोल (उत्तरी हिमाली क्षेत्र) मा पारस्परिक सैन्य अभ्यास गर्ने ।

दुई- प्राकृतिक प्रकोप ब्यवस्थापनमा साझा तालिम र सहकार्यहरु गर्ने ।

तीन- नेपाली सेनाका जवानहरूलाई अमेरिकामा सैन्य विषयमा पढ्न पठाउने ।

चार- युटा नेशनल गार्डका सिपाहीलाई नेपाली सेनाको नेशनल डिफेन्स आर्मी कोर्षमा सहभागी गराउने ।

पाँच- बहुपक्षीय सैन्य अभ्यासको समन्वय सम्बन्धि तालिमहरु दिने ।

छ- 'सिभिलियन लिडरसीप इन्गेजमेन्ट' का लागि नेपालका गैरसैनिक नागरिक (राजनीतिक व्यक्ति) हरूलाई नेपाल सरकारले सिफारिस गरे अनुसार अमेरिकामा अवलोकन भ्रमणको सुविधा उपलब्ध गराउने ।

सात- नेपाली सेनाले मागे अनुसार हल्का एवं कम घातक सैन्य सामाग्रीहरु अमेरिकाले उपलब्ध गराउने ।

आठ- साइबर सेक्युरिटी तालिममा नेपाली सेनालाई सहयोग गर्ने ।

नौ- नेपाली सेनालाई प्रतिआतंकवाद इन्टिलिजेन्स क्षमता बढाउन सहयोग गर्ने ।

यो सबै गरेबापत नेपाललाई अमेरिकी सरकारबाट के प्राप्त हुन्छ ? रिपोर्टमा लेखिएको छ - "अमेरिकाले सहयोगका माथि उल्लेखित क्षेत्रहरूको कार्यान्वयनका लागि ५ सय मिलियन डलर (५० अर्ब रूपैयाँभन्दा बढी) नेपाललाई उपलब्ध गराउने छ । यही रकमबाट सम्पूर्ण खर्च व्यहोरिनेछ र यसको खर्च गर्ने अवधि सम्झौतामा हस्ताक्षर आदान-प्रदान भएको मितिले ५ वर्षको हुनेछ ।"

गोप्य भनी दावी गरिएको अंग्रेजीमा लेखिएको ६ पृष्ठ लामो मस्यौदा त्यतिबेला सार्वजनिक गरिएको थियो जतिबेला संसदबाट एमसीसी पारित गरेर प्रधानमन्त्री शेरबहादुर देउवा र सेनापति प्रभुराम शर्मा अमेरिकाको भ्रमणको तयारीमा जुटेका थिए । त्यसको केही दिनअघि अमेरिकी सेनाको प्यासिफिक कमान्डिङ जनरल चार्ल्स ए फ्लिन नेपाल भ्रमणमा आएर फर्किएका थिए । नेपालखबर डटकममा रिपोर्ट प्रकाशित भएकै दिन संसदमा प्रधानमन्त्री देउवालाई प्रस्तााावित अमेरिकी भ्रमण र त्यससँग जोडिएर आएको एसपीपीबारे संसदको रोष्टममा उभिएर प्रष्ट पार्न दबाब दिइएको थियो । त्यसमा एमाले उपमहासचिव तथा निवर्तमान परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली मात्र थिएनन्, त्यो लाममा देउवाका आफ्नै महामन्त्री गगन थापा पनि थिए ।

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड समेत एसपीपी सम्झौताका निम्ति सहमत रहेको भन्दै उनीहरूको पार्टीभित्र विवाद चर्किएको थियो । 'एसपीपी घुमाईफिराई इन्डो प्यासिफिक मिलिटरी स्ट्राटिजीकै अंग भएकोले त्यसमा नेपाली सेना सहभागी हुँदा नेपाल अमेरिकी सैन्य गठबन्धनमा सामेल भएको ठहरिने हुनाले त्यो हाम्रो असंलग्न विदेश नीति विपरीत हुन्छ' भन्दै माओवादी पार्टीभित्र चलेको बहस नेपाली मिडियामा सार्वजनिक भएको थियो ।[१२]

एसपीपीका नाममा दलभित्र र संसदमै चर्चा चुलिएपछि मस्यौदा सार्वजनिक भएको दिन साँझ ८ बजे नेपालस्थित अमेरिकी दूतावासले आफ्नो आधिकारीक ट्विटर ह्याण्डल मार्फत यस कार्यक्रमबारे लामो प्रष्टिकरण दियो । त्यसमा भनिएको छ - 'नेपाल र अमेरिकाबिच सैन्य सम्झौता भएको दाबी गर्ने केही अनलाईन सञ्चारमाध्यममा प्रकाशित दस्तावेज फर्जी हो । नीतिअनुसार अमेरिकाले कुनै पनि देशलाई स्टेट पार्टनरशिप प्रोग्राम (एसपीपी) मा सामेल

[१२]https://kathmandupost.com/politics/2022/03/03/maoist-support-to-mcc-pact-exposes-fissures-in-the-party

हुन भन्दैन तर कुनै देशबाट त्यसका लागि माग आएको खण्डमा भने त्यस्तो मागको सम्बोधन गर्दछ ।' त्यसबारे थप व्याख्या गर्दै अगाडी भनिएको छ, 'एसपीपी अमेरिकी राज्यको नेशनल गार्ड तथा साझेदार विदेशी मुलुकबिचको एक आदानप्रदान कार्यक्रम हो । अमेरिकी नेशनल गार्डले स्वदेशमा भूकम्प, बाढी र वन डढेलो जस्ता प्राकृतिक उद्धारकर्ताहरूलाई सहयोग गर्दछ । २५ बर्ष भन्दा लामो समयदेखि कायम रहँदै आएको एसपीपीमा ९० भन्दा बढी देशसँग ८० भन्दा बढी साझेदारीहरु समावेश छन् । तीमध्ये अधिकांश देशहरु यस क्षेत्रमा छैनन ।'[१३]

संसद र संसद बाहिर एसपीपी विरूद्धको आवाज चर्केपछि रक्षा मन्त्रालय र नेपाली सेनाले पनि उक्त मस्यौदाबारे आफूहरूलाई जानकारी नरहेको जनाए । सेनाका प्रवक्ता नारायण सिलवालले बिबिसी नेपाली सेवासँग भनेका थिए - "औपचारिक, अनौपचारिक कुनै पनि रूपमा एसपीपी सम्बन्धी कुनै पनि मस्यौदा नेपाली सेनालाई प्राप्त भएको छैन । अब कुन श्रोतबाट, कुन प्रयोजनले, कसले, कुन नियतले, कता प्रचार भएको छ त्यो उहाँहरूले जान्ने कुरा हो ।"[१४]

एसपीपी बिवाद चर्किएपछि अमेरिकी राजदूतावासले नेपाल सरकारबाट सन् २०१५ र सन् २०१७ मा एसपीपीमा आबद्ध हुन प्रस्ताव गरिएको र आफ्नो देशले त्यसलाई सन् २०१९ मा स्वीकृत गरेको जनाएको थियो । एसपीपीको वेबसाइटमा पनि २०१९ मा नेपाललाई सूचीकृत गरिएको उल्लेख गरिएको छ । यसैबिच तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षेत्रीले रक्षामन्त्री ईश्वर पोखरेलको संज्ञानमा एसपीपी कार्यक्रममा सहभागी हुन अनुरोध गर्दै सन् २०१५ मा काठमाण्डूस्थित अमेरिकी राजदूतलाई लेखेको पत्र समेत सार्वजनिक भएपछि प्रधानमन्त्री देउवामाथि थप प्रश्न खनियो ।[१५]

चीनले प्रधानमन्त्री देउवा र सेनाप्रमुख शर्मा अमेरिका गएर एसपीपीमा सम्झौता गरे तालिमका नाममा नेपाल छिरेर अमेरिकी सेनाले चीनलाई घेर्ने बुझाइका आधारमा एमसीसीमा जसरी वैकल्पिक मिडियाको मात्र भर नपरी मूलधारका मिडिया र आफू नजिक रहेका वामपन्थी सांसदहरूको उपयोग गरेको थियो । सन् २०१५ र २०१७ मा आफैले एसपीपीमा सहभागी हुन

[१३]https://twitter.com/usembassynepal/status/1536716704566288385
[१४]https://www.bbc.com/nepali/news-61799135?at_medium=custom7&at_custom2=twitter&at_custom4=FE2EC5B6-EBE0-11EC-95E1-D2DD31EBDC67&at_custom3=BBC+Nepali&at_custom1=%5Bpost+type%5D&at_campaign=64
[१५]https://kathmandupost.com/national/2022/06/16/us-embassy-reacts-as-deuba-is-silent-while-lawmakers-question-spp

पत्र लेखी अनुरोध गर्ने सरकारले यसपाली चाहिं एसपीपीमाथि चीनीया सरोकारलाई उपेक्षा गर्न वा पन्छाउन सकेन । परिणामत यसपटक एसपीपी सम्झौतामा कुनै लिखित सहमति गरिएन, बरु लागू भनिएको सम्झौताबाट पनि नेपाल सरकार पछाडि हट्यो । यसरी एमसीसीमा असफल भएको चीन एसपीपी नेपालबाट पन्छाउन सफल भयो ।

एमसीसी र एसपीपी प्रकरणमा चीनले नेपाली मिडियामार्फत जे जसरी अमेरिकाको छवि ध्वस्त पार्न खुलेर सक्रियता देखियो चीनीयाहरूले नेपाल नीतिमा मसिनो गरी काम गरिरहेका छन् भन्ने प्रष्ट भयो । चीनले नेपालमा भारत र अमेरिकाको शक्तिलाई सन्तुलनमा राख्न मिडिया र बहुमतमा रहेका वाम दल नै भरपर्दा सारथी हुन्छन् भनेर नै यी दुई क्षेत्रमा चुपचाप लगानी गरिरहेको छ । त्यो लगानी सबैलाई आश्चर्यमा पार्ने खालको छ । एमसीसी र एसपीपीमा नेपाली मिडिया र वाम दललाई कसरी आफ्नो मुद्दामा कन्भिन्स बनाई काम गरेको थियो? चीनीया स्वार्थ रक्षा गर्न क-कसले कसरी काम गरे, गरिरहेका छन् ? त्यसबारे हामीले उत्खनन गरेका र बाहिर नआएका केही यस्ता तथ्य छन्, जसले नेपाली भू-राजनीतिमा चीनको दबाबको प्रष्ट चित्र कोर्न सहयोग गर्छ ।

# २ चीनीया प्रोपोगाण्डा मशीनको उत्पत्ति

> *नेपालमा चीनमुखि मिडियाको विस्तार गर्ने, मुलधारका मिडियामा चीनका सरोकारलाई प्राथमिकता दिन प्रभाव र दबाव दिने र नेपालमा भारत, अमेरिका र पश्चिमा देशहरुको प्रभावको प्रतिवाद गर्न सीएमजीको नेपाल शाखा खोलिएको देखिन्छ। सन् २०१९ मा चीनका राष्ट्रपति सी जीनपिङको भ्रमणको मुखमा खोलिएको सीएमजीको नेपाल प्रमुखको जिम्मेवारी चाइना रेडियो इन्टरनेशनलमा १० वर्ष काम गरेकी चीनीया पत्रकार चाङ युएलाई दिइएको छ। उनले आफूलाई नेपालीकरण गरेर वर्षा नामले चिनाउने गरेकी छन्।*

अमेरिकी रणनीति फेल गराउन चीनीया पक्षबाट गरिएका मिडियाबाजीले कसरी अमेरिका जस्तो शक्तिशाली देशलाई हायलकायल पारेको छ भन्ने दृष्टान्त माथि नै स-बिस्तार उल्लेख गरिसकिएको छ। त्यस्तो आक्रमक मिडिया रणनीति कसले र कसरी लागू गरिरहेका छन् ? तथ्य झन् रोचक छ। एमसीसीमा चीनको पक्षमा आक्रमक रूपमा देखिएका मिडिया संजाल त्यत्तिकै आएका होइनन्, चीन सरकारको नीतिगत रणनीति अनुरूप तिनले आफ्नो सक्रियता विस्तार गरेका हुन्। सञ्चारकर्मी चाउ सेङपिङले आफ्नो पुस्तकमा 'चीनीया राष्ट्रपति सी जिन पीङले बिशेष जोड दिई आफ्नो विश्वसनीय, मिजासिलो र सम्मानित चीनको विम्ब प्रस्तुत गर्नका लागि अर्न्तराष्ट्रिय सञ्चार क्षमतालाई सुधार गर्नु आवश्यक छ।'[१६] भनेको उल्लेख गरेका छन्। आफ्ना अध्यक्षको हरेक शब्द ब्रम्हास्त्र हुने चीनीया कम्युनिष्ट पार्टीले तालुकदार मन्त्रालयलाई सीको आदेश कार्यान्वयनमा सक्रिय तुल्याएको छ।

२१ मार्च २०१८ मा चीनको राजधानी बेइजिङमा चाइना मिडिया ग्रुप (सीएमजी) को मुख्यालय स्थापना गरिएको छ। चीनीया कम्युनिष्ट पार्टी (सीपीसी) को सेन्ट्रल प्रोपोगाण्डा डिपार्टमेन्टको प्रत्यक्ष नियन्त्रणमा रहने गरी स्थापना गरिएको सीएमजीमा चीन सरकारका आधिकारिक मिडियाहरु चाइना सेन्ट्रल टेलिभिजन (सीसीटीभी), चाइना नेशनल रेडियो (सीएनआर) र

[१६] Shengping, Zhou (2021) Mend or End: Nepal in the eyes of a Chinese journalist

चाइना रेडियो इन्टरनेशनल (सीआरआई ) लाई आवद्ध गरिएको छ । सीएमजीलाई चीनको आवाज मानिन्छ । सरकारले आफुले कुटनीतिक च्यानलमार्फत सिधा भन्न नसक्ने कुराहरु यी संचारमाध्यमबाट भन्ने गरेको छ । स्थापनाको पाँच वर्षमै सीएमजीले आफ्नो सञ्जाल संसारभरि विस्तार गरी सकेको छ । पछिल्लो समय आफ्नो सुरक्षा संवेदनशीलता बढेको ठान्ने नेपालमा शाखा विस्तार गरी त्यसलाई फैलाउन झन् बढी मेहनत गरिएको छ । सीएमजी नेपालको अभिन्न अंग बनी सकेको छ । १ जनवरी २०२३ मा चाइना मिडिया ग्रुपका निर्देशकद्धारा विदेशी दर्शक तथा स्रोताहरूलाई नव वर्ष २०२३ को अवसरमा जारी गरिएको शुभकामना सन्देशमा बताइए अनुसार, विश्वभर चाइना मिडिया ग्रुपको प्रशारण ४४ भाषाबाट बढेर ६८ भाषामा बिस्तार भैसकेको छ ।[१७]

नेपालमा चीनमुखि मिडियाको विस्तार गर्ने, मुलधारका मिडियामा चीनका सरोकारलाई प्राथमिकता दिन प्रभाव र दबाव दिने र नेपालमा भारत, अमेरिका र पश्चिमा देशहरूको प्रभावको प्रतिवाद गर्न सीएमजीको नेपाल शाखा खोलिएको देखिन्छ । सन् २०१९ मा चीनका राष्ट्रपति सी जीनपिङको भ्रमणको मुखमा खोलिएको सीएमजीको नेपाल प्रमुखको जिम्मेवारी चाइना रेडियो इन्टरनेशनलमा १० वर्ष काम गरेकी चीनीया पत्रकार चाङ युएलाई दिइएको छ । उनले आफूलाई नेपालीकरण गरेर वर्षा नामले चिनाउने गरेकी छन् ।

सीमएजीको नेपाल शाखा चीन मामिलामा कतिसम्म आक्रामक छ भने त्यो कार्यालयले १८ फेब्रुअरी २०२० मा काठमाण्डु पोष्टको बिचार पृष्ठमा छापिएको चीनीया नेता माओत्से तुङको मास्क लगाएको तस्वीर सहितको 'चाइनाज सेक्रेसी ह्याज मेड कोरोना भाइरस क्राइसीस मोर वर्स' शीर्षकको आलेखप्रति औपचारिक रूपमा जनाएको घोर आपत्तिबाट छर्लङ्ग बुझ्न सकिन्छ ।[१८] सीएमजीकी नेपाल प्रमुख युएले काठमाण्डु पोष्टले साभार गरेर छापेको त्यो आलेखको कडा शब्दमा भत्सर्ना गर्न सोसल मिडियामा नोटसहित भिडियो सन्देश नै जारी गरेकी थिइन् । कुटनीतिक मर्यादा र नेपालको कानुन समेत उल्लंघन गरी बनाइएको उनको सन्देशमा काठमाण्डु पोष्टमा प्रकाशित लेखले चीन र चीनका नागरिकको अपमान गरेको र चीनको सार्वभौमिकतामा खलल पुगेको उल्लेख गरिएको छ । अमेरिकाको सिकागो ट्रिवुन र

---

[१७]https://www.prnewswire.com/news-releases/cctv-china-media-group-president-extends-new-year-greetings-to-global-audiences-301711721.html
[१८]https://www.himalmag.com/chinese-embassy-nepal-kathmandu-post-media-2020/

दक्षिण कोरियाको कोरिया हेराल्डमा प्रकाशित भैसकेको र काठमाण्डु पोष्टले साभार मात्र गरेको इभो दाल्डरद्धारा लेखिएको उक्त आलेख तथा फोटोप्रति युए लगायत काठमाडौस्थित चीनीया दुतावासको चर्को प्रतिवादले नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा धावा नै बोलेको थियो ।

एकातर्फ यसरी आफ्ना मिडिया संयन्त्रबाट आक्रमण गरिएको थियो भने अर्कोतर्फ लेखलाई लिएर तत्कालीन चीनीया राजदुत होउ यान्छीले काठमाण्डु पोष्टका तत्कालीन प्रधानसम्पादक अनुप काफ्लेलाई धम्क्याउँदै पत्र लेखेकी थिइन् । कुटनीतिक मर्यादा बाहिर गएर लेखिएको यान्छीको पत्रमा अनुपलाई यसरी आरोपित गरिएको थियो - 'अनुप निरन्तर चीनसँग सम्बन्धित विषयमा सदा पूर्गाग्रहपूर्ण लेख रचना प्रकाशन गरिरहेका छन् । उनको यस्तो कृत्यको हामि घोर भर्त्सना गर्दछौं ।'[१९] लेख छापेबापत सम्पादकलाई धम्क्याइएको भन्दै त्यसको विरोधमा १७ जना नेपालका सम्पादकहरूले प्रेस विज्ञप्ति जारी गर्दै राजदुत यान्छीको कडा शब्दमा बिरोध जनाएका थिए । 'हामी मिडियामा प्रकाशित लेख रचनाका कारण व्यक्ति र संस्थामाथि पर्न गएको असुविधाप्रति विमति राख्ने अधिकारलाई सम्मान गर्छौ । तर, छापिएको लेखलाई आधार बनाई सम्पादकलाई नामै तोकी आरोप लगाउने र धम्की दिइनुप्रति असहमति जाहेर गर्दछौं ।' सम्पादहरूको विज्ञप्तिमा राजदुत यान्छीलाई आफ्नो कुटनीतिक मर्यादामा रहन आग्रह गर्दै भनिएको छ 'नेपालको संविधानले नेपाली प्रेसलाई पूर्ण स्वतन्त्रता सहित काम गर्ने अधिकार सुनिश्चित गरेको छ ।  हामीले त्यो स्वतन्त्रताको अभ्यास गरिरहेका छौं र त्यसको बचाउ गर्न चाहन्छौं ।'[२०]

## *सीएमजीका नेपाली सूत्रधार*

काठमाण्डु पोस्टमा छापिएको लेख लगायत चीनीया स्वार्थका सवालमा मिडियामा आक्रमक रूपमा आउने सीमएजीका नेपाली सुत्रधार चाहिं को हुन् ? सीएमजी स्थापनाअघिको रेडियो पेकिङ, त्यसपछिको चाइना रेडियो इन्टरनेशनल र सन २०१८ यता सीएमजीले विश्वास गरेका एक मुख्य नेपाली पात्र मीडियाकर्मी प्रकाशबाबु पौडेल हुन् । प्रकाशबाबुले नेपाली मिडियामा चीनीया लगानी ल्याउन सूत्रधारको भूमिका खेलिरहेका छन । उनलाई चीनले त्यसै बिश्वास गरेको होइन । त्यसका निम्ति उनले आफ्नो जिन्दगीको लामो समय खर्चिएका छन् । २०४५

---

[१९]https://thewire.in/south-asia/nepal-china-embassy-kathmandu-post
[२०]https://kathmandupost.com/national/2020/02/19/nepali-editors-condemn-chinese-embassy-s-statement-regarding-the-post

*क्यापिटल एफएमले आफ्नो वेभसाइटमा स्पष्ट रुपमा आफूलाई चाइना रेडियो इन्टरनेशनलको विशिष्ट साझेदार दावी गरेको छ, त्यसैगरि सिआरआईले पनि आफ्नो वेवसाईटमा नेपाली साझेदारको रुपमा क्यापिटल एफएमलाई स्थान दिएको छ । बागमती, गण्डकी र प्रदेश एकमा प्रभाव क्षेत्र रहेको क्यापिटल एफएमबाट बज्ने कार्यक्रम करिब १ करोड स्रोताले प्रत्यक्ष सुन्ने र १० लाखले अनलाइन संस्करणबाट पढ्ने/सुन्ने क्यापिटल एफएमको दावी छ ।*

सालतिर काठमाडौमा सुनिने गरेको रेडियो पेकिङले आयोजना गरेको विश्व रेडियो निबन्ध प्रतियोगितामा म र मेरो चीन शीर्षकमा पौडेलले लेखेको निवन्ध संसारभरबाट प्राप्त निबन्ध मध्ये शीर्ष पाँचमा परेको थियो । त्यतिबेला धादिङमा शिक्षण पेशामा आवद्ध पौडेल निबन्ध प्रतियोगिताको बिजेता भएपछि पुरस्कार थाप्न बेइजिङ पुगे । २०४६ सालको जनआन्दोलनपछि रेडियो पेकिङ पुग्दा भोगेको हैरानी सुनाउदै उनले भने- “चीन जानलाई पासपोर्ट नै नबन्ने, बल्ल बल्ल पासपोर्ट बन्यो । काठमाडौबाट हङकङ हुँदै बेइजिङ पुग्दा भाषाको समस्याले रेडियो पेकिङको कार्यालय फेला पार्न झन् कठिन भयो । त्यहाँ पुगेपछि १५ दिन चीनका मुख्य शहर घुमेर फर्किएँ । त्यसै बिन्दुबाट मेरो चीनको सरकारी रेडियोसँग मित्रता गाँसिएको हो र चीनको सद्भाव प्राप्त भएको हो ।”

पौडेल चीनबाट फर्किएपछि तत्कालै रेडियो पेकिङको स्रोता क्लब बनाएर सक्रिय भए । आफूलाई रेडियो पेकिङको पहिलो नेपाली स्रोता मान्ने उनले रेडियो पेकिङसँग सम्बन्ध राम्रो हुँदै गएपछि सन २००७ मा तत्कालीन मैत्री एफएममा चीन मामिलाबारे रिले कार्यक्रम सञ्चालन गर्न थाले । मैत्री एफएममा साँझ तीन घण्टा चाइना रेडियो इन्टरनेशनलका कार्यक्रम प्रशारण गर्ने व्यवस्था प्रकाशबाबुले नै मिलाएका थिए ।

छ वर्षसम्म बौद्धमा रहेको मैत्री एफएममा नेपाली भाषामा चीनमुखि सामग्री प्रशारण गरेपछि उनलाई चाइना रेडियो इन्टरनेशनलले मिडिया साझेदारीको प्रस्ताव अघि बढायो । त्यसैको परिणाम स्वरुप सन् २०१२ मा सीआरआई र क्यापिटल एफएमबिच शुरु हुन्छ औपचारिक साझेदारी । काठमाण्डौको क्यापिटल एफएमलाई शुरुमा सीआरआईको औपचारिक साझेदार बनाउने सूत्रधार प्रकाशबाबु पौडेलका कारण अहिले त्यो एफएमले चिनिया प्रचारसामग्री नेपालीमा उत्पादन गर्दै प्रकाशित/प्रसारण गरिरहेको छ ।

पौडेलका अनुसार शुरूमा क्यापिटल एफएमका पाँच वटा समाचार सीआरआईले प्रशारण गर्ने र सीआरआईका पाँच वटा समाचार क्यापिटल एफएमले प्रशारण गर्ने गरी सम्झौता भएको थियो । अहिले सीआरआईबेइजिङमा कार्यरत नेपाली पत्रकारहरु चेतनाथ आचार्य र लक्ष्मी लम्साल त्यतिबेला क्यापिटल एफएममै कार्यरत थिए । तिनलाई बेइजिङ पठाउन पौडेलको योगदान थियो । सन २०१२ मा भएको सहमति अनुसार अहिले पनि क्यापिटल एफएम र सीआरआईबिच न्युनतम पाँच पाँच वटा समाचार आदानप्रदान भइरहेको छ ।

क्यापिटल एफएमले आफ्नो वेभसाइटमा स्पष्ट रूपमा आफूलाई चाइना रेडियो इन्टरनेशनलको विशिष्ट साझेदार दावी गरेको छ, त्यसैगरि सिआरआईले पनि आफ्नो वेवसाईटमा नेपाली साझेदारको रूपमा क्यापिटल एफएमलाई स्थान दिएको छ । बागमती, गण्डकी र प्रदेश एकमा प्रभाव क्षेत्र रहेको क्यापिटल एफएमबाट बज्ने कार्यक्रम करिब १ करोड स्रोताले प्रत्यक्ष सुन्ने र १० लाखले अनलाइन संस्करणबाट पढ्ने/सुन्ने क्यापिटल एफएमको दावी छ । उसले आफ्नो वेवसाईटमा बताएअनुसार, क्यापिटल एफएम ९२ दशमलव ४ मेगाहर्ज र रेडियो सारंगी १०३ दशमलव ३ मेगाहर्जबाट मोरङ तथा पोखरा सहित देशका करिब ४० जिल्लामा आफ्ना कार्यक्रम प्रसारण गरिएको दावी गरेको छ । पौडेलका अनुसार, क्यापिटल एफएमको रेडियो स्टुडियो बनाउन, पत्रकारको क्षमता विकास गर्न र सामाग्री उत्पादन गर्न सीआरआईले आर्थिक सहयोग गरेको थियो । अहिले यसको बिस्तार अनलाईन पोर्टल र टेलिभिजनसम्म भइसकेको छ । क्यापिटल एफएमलाई अनलाइन र टेलिभिजनसम्म विस्तार गरेपछि उसले आफ्नो नाम नै क्यापिटल मिडिया ग्रुप (सीएमजी) राखेको छ ।

आफु आश्रित चाइना मिडिया ग्रुप (सीएमजी) कै छोटकरी नाम सीएमजी कै रूपमा आफुलाई प्रस्तुत गर्न थालेको क्यापिटल एफएमले प्रारम्भमा नेपाल सम्बन्धी पनि सामग्री दिने गरेकोमा उसको अनलाईन संस्करण सिएफएमअनएयरडटकममा हिजोआज नेपालसँग सम्बन्धित सामग्री नै राखिदैन । सबै चीन सम्बन्धी सामग्रीले स्थान पाएको छ ।

१३ जनवरी २०२३ मा सिएफएमअनएयरडटकम खोल्दा वेबसाइटमा देखिएका प्रमुख समाचारका शीर्षकहरु यस्ता थिए - सीपीसीको २० औं केन्द्रीय अनुशासन निरीक्षण आयोगको दोस्रो पूर्ण बैठक सम्पन्न, चीनीया कम्युनिष्ट पार्टीको कडा व्यवस्थापनलाई चौतर्फी रूपमा अघि बढाउन कहिल्यै रोकिनु हुन्न : राष्ट्राध्यक्ष सी, सी चिनफिङ : चीनीया कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु

हित समूह र अधिकार समूहका प्रवक्ता बन्ने कुराको दृढताका साथ प्रतिरोध गर्नुपर्छ, केही अमेरिकीहरूबाट चीनीया अर्थतन्त्रबारे अझै नराकारात्मक प्रचार गरे पनि चीनमा विदेशी लगानी झन् बृद्धि हुँदै, राष्ट्राध्यक्ष सी र थाइलाण्डका राजारानीबिच भेटवार्ता आदि ।

नेपालमा दर्ता गरी चलाइएको संचार गृहले दिने समाचारको एउटा नमुना शीर्षक हेरौं : चाइना मिडिया ग्रुपका निर्देशकद्धारा विदेशी दर्शक तथा स्रोताहरूलाई नव वर्ष २०२३ को शुभकामना । यो शीर्षक अन्तर्गत चाइना मिडिया ग्रुपका निर्देशक शन हाइ श्योङले १ जनवरी २०२३ मा जारी गरेको शुभकामना सन्देश जस्ताको तस्तै राखिएको छ । त्यो सन्देशमा उनले भनेका छन् "विगत एक वर्षमा हामीले विश्व समाचार संकलन गर्ने सञ्जालमा सुधार गर्दै विश्वका चर्चित समाचार रिपोर्ट गर्ने दक्षतालाई सवल पारेका छौं । चाइना मिडिया ग्रुपको प्रशारण ४४ भाषाबाट बढेर ६८ मा पुगेको छ ।"[२१] कोरोना प्रकोप आउनुअघिसम्म अर्थात सन २०१९ सम्म क्यापिटल मीडियाका अध्यक्ष प्रकाशबाबु पौडेल नै थिए । अहिले उनको नेतृत्वमा चीनीया सहयोगमा छुट्टै मिडिया नेटवर्क संचालनमा छ ।

क्यापिटल मिडिया ग्रुपले १७ अक्टोबर २०२० देखि देशव्यापी प्रशारण गर्ने गरी क्यापिटल टीभी एचडी टेलिभिजनको प्रशारण शुरु गरेको छ । त्यो टीभी स्थापना गर्न रु २ करोड भन्दा बढी चाइना मिडिया ग्रुपले लगानी गरेको बताइएको छ भने क्यापिटल मिडिया ग्रुपको रेडियो स्टुडियो निर्माण, प्राविधिक सहयोग, जनशक्तिलाई तालिम, अध्ययन आदि शीर्षकमा चीनले ठुलो धनराशी लगानी गरेको छ । अनौपचारिक माध्यमबाट चीनको सहयोग आउने गरेका कारण सरकारसँग पनि आधिकारिक तथ्यांक छैन । तर वर्षमा दुई करोड भन्दा बढी चीनको सहयोग क्यापिटल मिडिया ग्रुपमा आउने गरेको कोरोनाकाल अघिसम्म सीएमजीको अध्यक्ष रहेका प्रकाश बाबु पौडेलले पनि स्वीकार गरे । उनका अनुसार विभिन्न तरिकाले चाइना मिडिया ग्रुपले वर्षमा दुई तीन करोड सहयोग गर्नु सामान्य हो ।

पौडेल अध्यक्ष छँदा नै झण्डै २५ जना जति संचारकर्मीले काम गर्ने क्यापिटल मिडिया ग्रुपमा पौडेल स्वयंले क्यापिटल टीभी एचडी र सीएमजी मोबाइल एप्लिकेशन उद्घाटन गरेको देखिन्छ । त्यस अवसरमा पौडेलले चाइना मिडिया ग्रुपसँग सहकार्य गरेको क्यापिटल मिडिया ग्रुपले नयाँ प्रविधिको विकाससँगै टेलिभिजनको आवश्यकता महशुस गरेर टीभी शुरु गरेको

[२१]https://www.raynewsdaily.com/story/90742.html

बताएको समाचार र तस्वीर अझै सिएफएमअनएयरडटकममा देख्न सकिन्छ । क्यापिटल मिडिया ग्रुपबाट पौडेल अहिले अलग भइसकेका छन् भने उनको ठाउँमा सुशील राउतलाई नेतृत्व हस्तान्तरण गरिएको छ ।

क्यापिटल मिडिया ग्रुपबाट अलग भएपछि प्रकाशबाबु पौडेलले आफ्नै नेतृत्वमा १ मे २०२२ देखि चाइना मिडिया ग्रुपसँगको साझेदारीमा रे मीडिया ग्रुप (आरएमजी) स्थापना गरेका छन, जसले टेलिभिजन र अनलाइन समाचार पोर्टल संचालन गरिरहेको छ । करिब २ करोड लगानीमा सेटअप गरिएको रे टेलिभिजनको स्टुडियो निर्माण, पत्रकारको तालिम तथा भ्रमण, डकुमेन्ट्री उत्पादन, क्यामेरा खरिद आदिमा चाइना मिडिया ग्रुपको सहयोग रहेको पौडेल बताउँछन् । काठमाण्डौ बसुन्धरा स्थित पौडेलकै घरमा सेटअप गरिएको रे टेलिभिजनको कार्यालयमा चीनीयाँबाट प्राप्त हुने सहयोगबारे खुलस्त कुरा गरे । उनले भने - "एउटा डकुमेन्ट्री बनाउन २० लाख जति खर्च लाग्छ । हामिले सीसीटीभीलाई बर्षमा कम्तिमा १० वटा डकुमेन्ट्री उत्पादन गरेर बेच्छौं । त्यहाँबाट आउने बार्षिक १० वटा डकुमेन्ट्री बनाउने सहयोगले हाम्रो सञ्चालन खर्च धानिन्छ ।"

पौडेलले रे टेलिभिजन र रेन्युजडेली डटकमका निम्ति करिब ४० जनाको जनशक्तिलाई रोजगारी दिइरहेका छन् । रे टेलिभिजन र रेन्युजडेलीडटकममा जनशक्ति भर्ना गर्दा चाइना मिडिया ग्रुपकी नेपाल प्रमुख चाङ युएले अन्र्तवार्ता लिएर तिनको छनौट गरिएको थियो । रेटीभी स्थापना हुनुअघि पौडेलले रेन्युजडेली डटकम संचालन गर्थे । कुनैबेला त्यहाँ कार्यरत संचारकर्मीहरूको भनाईमा रेन्युजडेलीका संचारकर्मीहरूले चाइना रेडियो इन्टरनेशनलको परिचयपत्र प्रयोग गर्ने गरेका थिए । चाइना मिडिया ग्रुपको सहयोगमा संचालित रे टीभीको अनलाइन संस्करण रे टीभी एचडी पनि अस्तित्वमा छ ।

प्रकाशबाबु पौडेलकै अगुवाईमा कोरोनाकाल अघि चीनको अडियो मिडिया ग्रुपले मालिकार्जुन एफएममा पनि ३ करोड भन्दा बढी लगानी गरेको थियो । त्यतिबेला त्यो एफएमको प्रमुख उनै थिए । हामीले प्राप्त गरेको दस्तावेजको आधारमा यस सम्बन्धमा पौडेललाई सोध्दा उनले मालिकार्जुन एफएम रु १ करोड १६ लाखमा किनेर त्यतिमै अरूलाई बिक्री गरी सकेको बताए । उनको जवाफ थियो - "चीनबाट त्यतिबेला के कति सहयोग आएको थियो भन्ने अहिले सम्झना भएन । जहाँसम्म लाग्छ ३०–३१ लाख जति आएको हुनुपर्छ । ३ करोड नै आएको भए त मालामाल नै हुने थिए नि ।"

चीनले नेपालमा अमेरिकी प्रभाव रोक्न मिडिया र वामदलहरु मार्फत खेलेको भूमिकाले हाम्रो परम्परागत भू-राजनीतिक अवस्थिति पनि ओल्टेकोल्टे भएको प्रष्ट देखिन थालेको छ । केही बर्षयता फेरिएको चीनीया रणनीति र देशमा बढ्दै गैरहेको भू-राजनीतिक ध्रुबीकरण लगायतका कारण नेपाली राजनीति उत्तरतर्फ ढल्कदै गएको प्रवत्तिमाथि लेखिएको पुस्तक अल रोड्स लिडस नर्थका लेखक अमिस मुल्मीले पुस्तकमा बताए जस्तो हाम्रो राजनीतिले नपत्याउने गरी उत्तरतर्फको पाइला चालिरहेको देखिन्छ । नेतृत्वले हिंडिरहेको त्यो पदचापमा तिनका अनुयायी पनि हिंड्न लागेको जस्तो देखिन्छ ।

## *दर्ता विना नै नेटवर्क टेलिभिजन*

> *“ चाइना न्युज एजेन्सीमा २० वर्ष काम गरेका एसिया नेटवर्क टीभीका संचालक हौ ट्रिहोङले सन् २०२० मा करिब २ करोड लगानी गरेर बिना दर्ता साउथ एसिया नेकवर्क टीभी संचालन गरिरहेका छन् । त्यो नाममा सञ्चार मन्त्रालयमा कुनै टीभी दर्ता छैन । हौले कम्पनी रजिस्टारको कार्यालयमा दर्ता ठेक्कापट्टा सम्बन्धि जानकारी दिन खोलिएको साउथ एसिया इन्टरनेट टेक्नोलोजी कम्पनी लिमिटेड मार्फत नेटवर्क टीभीका सबै काम सम्पादन गर्ने गरेको बताए । उनले खोलेको टीभी नेटवर्कको कार्यालयका केही तलामा गेष्ट हाउस र रेस्टुरेन्ट समेत चलाइएकोले हौले मीडिया कारोबारसँगै अन्य कारोबार पनि गरेको देखिन्छ । ”*

नक्सालको गहना पोखरी नजिकै एउटा घर भाडामा लिएर चीनको झल्को आउने गरी साउथ एसिया नेटवर्क टीभीको बोर्ड राखेर भव्य कार्यालय खडा गरिएको छ, जहाँ चीन मामिलाका पुस्तकहरु पनि उपलब्ध छन् । नेपालमा कुनै पनि विदेशी नागरिकले प्रत्यक्ष रुपमा आमसञ्चारका माध्यम सम्बन्धि कारोबार गर्न पाउने कानुनी व्यवस्था छैन । नेपालको मौजुदा कानुनले आमसञ्चार माध्यममा (पत्रपत्रिका, किताब, अनलाइन, टेलिभिजन, रेडियो आदि) मा प्रत्यक्ष विदेशी लगानीलाई निरूत्साहित गरेको छ । मिडियामा विदेशी लगानीले आन्तरिक मामिलामा हस्तक्षेप हुने, स्थानीय विषयवस्तुमा पनि विदेशीले हात हाल्ने आदि जोखिम भएकोले कानुनले विदेशी लगानी रोकेको हो । तर चाइना न्युज एजेन्सीमा २० वर्ष काम गरेका एसिया नेटवर्क टीभीका संचालक हौ ट्रिहोङले सन् २०२० मा करिब २ करोड लगानी गरेर बिना दर्ता साउथ एसिया नेकवर्क टीभी

संचालन गरिरहेका छन् । त्यो नाममा सञ्चार मन्त्रालयमा कुनै टीभी दर्ता छैन । हौले कम्पनी रजिस्टारको कार्यालयमा दर्ता ठेक्कापट्टा सम्बन्धि जानकारी दिन खोलिएको साउथ एसिया इन्टरनेट टेक्नोलोजी कम्पनी लिमिटेड मार्फत नेटवर्क टीभीका सबै काम सम्पादन गर्ने गरेको बताए । उनले खोलेको टीभी नेटवर्कको कार्यालयका केही तलामा गेष्ट हाउस र रेस्टुरेन्ट समेत चलाइएकोले हौले मीडिया कारोबारसँगै अन्य कारोबार पनि गरेको देखिन्छ ।

चीनीया भाषा मात्र बुझ्ने हौले गहना पोखरीको नेकवर्क टीभीको कार्यालयमा एउटा टीभी स्टुडियो स्थापना गरेका छन्, जहाँबाट भिडिओ कन्टेन्ट उत्पादन गर्ने गरिएको छ । उनीसँग दुई जना चीनीया सहित १० जना मिडियासँग सम्बन्धित कर्मचारी कार्यरत रहेको उनी बताउँछन् । उनको मिडियाको अस्तित्व इन्टरनेटमा मात्र भेटिन्छ । अंग्रेजी र चीनीया भाषामा सिकोमिडियाडटकम, युट्युबमा अंग्रेजी र चीनीया भाषामा साउथ एशिया नेटवर्क टीभी र नेपाली भाषामा दक्षिण एसिया नेकवर्क टीभीको नाममा उनले सञ्चालन गरेको मिडिया संजालका उत्पादनहरु हेर्न सकिन्छ । दक्षिण एशियाभरि चीनीया मुद्दामा पैरवी गर्न खोलिएको उनको मिडिया संजालले नेपाल-चीन सम्बन्धलाई पनि बिस्तार गर्ने हौ दावी गर्छन । नेपालको कानुनी झमेलाका कारण हुनसक्छ, आफुले खोलेको टीभी नेटवर्क हङकङको स्याटलाइट टीभी (एचकेएस) को नेपाल शाखा भएको हौको दाबी थियो तर, त्यस सम्बन्धी उनीसँग कुनै आधिकारिक प्रमाण तथा कागजात उपलब्ध छैन । यद्यपि उनले आफ्ना कामदारलाई भने निकै समयसम्म हङकङ स्याटलाई टिभी (एचकेएस) को परिचयपत्र बितरण गरेका थिए ।

आफूले मिडियामा २ करोड भन्दा बढी लगानी गरे पनि आम्दानी भने नउठेको बताउने हौले साउथ एशिया नेटवर्क टीभीले नेपालमा कार्यरत चीनीया कम्पनी र निर्माण सम्बन्धी जानकारी तथा अर्न्तवार्ता, नेपालमा आएका र आउन लागेका चीनका कम्पनी, चीनबाट नेपालमा हुने उच्चस्तरीय भ्रमण, नेपालका धार्मिक तथा सांस्कृतिक सम्पदा र गतिविधि सम्बन्धी सामग्री उत्पादन गरी प्रशारण गर्दै आएको छ । सन २०१८ मा नेपाल आएका हौले शुरुमा भाषाको समस्या भए पनि उनले आफूले नेपालबारे चीनीया भाषामा ३०० भन्दा बढी समाचार तथा लेख लेखेर चीनमा नेपाललाई चिनाउन सहयोग गरेको बताउन चुकेनन् ।

हौसँग काम गर्ने चीनीया विश्वविद्यालयमा छात्रवृत्तिबाट उच्च शिक्षा लिइरहेका दुईजना नेपाली संचारकर्मी (एक पुरुष र एक महिला) ले एकैसाथ चीनीया पारामा बहुबिधामा काम गरिरहेका छन् । तिनले नेपाली, अग्रेंजी र मेण्डारिन भाषाका कार्यक्रम उत्पादन र बितरणमा हौलाई

सघाउने गर्छन् । त्यहाँ कार्यरत काभ्रेकी रमिला गौतम भन्छिन्, “म पत्रकार होईन तर हौसँग काम गर्दागर्दै अहिले रिपोर्टिङ देखि सम्पादन सम्मको काम आफै गर्न सक्ने भएकी छु ।” उनले कार्यक्रम उत्पादनका साथसाथै हौको नीजि सचिवालय समेतको व्यवस्थान गर्ने गर्छिन् ।

साउथ एशिया नेटवर्क टेलिभिजनले २५ सेप्टेम्बर २०२२ मा तारे होटल मल्लमा आयोजना गरेको फर्स्ट चाइना-नेपाल मिडिया समिटका निम्ति राखिएको दुईटा बिषय मध्ये पहिलो थियो- नेपाली मिडियाको वर्तमान अवस्था र भविष्य । दोस्रो थियो चीनीया कम्युनिष्ट पार्टीको २० औं राष्ट्रिय महाधिवेशनलाई नेपालका मूलधारका सञ्चारमाध्यमको सन्देश ।

यसरी प्रत्यक्ष परोक्ष चीनीया लगानीमा संचालित मिडिया संजालले मात्र होइन, काठमाडौ जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको साइनो नेपाल मिडिया सोसाइटी जस्ता गैरसरकारी संस्थाले समेत आफुलाई चीनको हितैषी देखाउन अनेकन प्रपञ्च गरिरहेका हुन्छन् । यो संस्थाले २ अगस्ट २०२२ मा अमेरिकीकाको तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटीभकी सभामुख न्यान्सी पेलोसीको बहुचर्चित ताइवान भ्रमणको विरोध गर्दै चाइना मिडिया ग्रुपको मुख्यालयलाई पत्रचार नै गरेको छ । सोसाइटीका अध्यक्ष ध्रुव पौडेलले हस्ताक्षर गरेको पत्रमा न्यान्सीको ताइवान भ्रमणले संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तराष्ट्रिय समुदायले स्वीकार गरेको एक चीन नीतिको उल्लंघन गरेको उल्लेख गरिएको छ । पत्रमा पेलोसीको भ्रमणले चीनलाई उत्तेजित तुल्याएको समेत लेखिएको छ । नेपाल सरकार र नेपालका कतिपय चीनसम्वद्ध संघसंस्था समेत मौन रहेको पेलोसीको ताइवान भ्रमण बारे साइनो नेपाल मिडिया सोसाइटीले चाइना मिडिया ग्रुपको मुख्यालयलाई पत्राचार गरेर आफूलाई चीनको हितैषी देखाउन खोजेको स्पष्ट छ ।

उदेकलाग्दो तथ्य के हो भने चीनीया मुद्दामा यति विघ्न पैरवी गर्ने मीडिया संजालले भूँईचालोको कारण देखाउँदै चीनले एकतर्फी बन्द गरेको र प्रचण्ड नेतृत्वको सरकार नबन्दासम्म नखोलेको उत्तरी नाकाबारे भने एक शब्द लेख्ने आँट गरेन । न कुनै नेताले यसबारेमा चीनसँग कुरा गर्न सके न कान्तिपुर र काठमाण्डौ पोस्टमा नियमित लेख लेखेर चीनले नेपाललाई हार्दिकताका साथ सहयोग गरिरहेको दावी गर्ने राजदुत होउ यान्छीले नै कतै त्यस बारे उल्लेख गरिन् । लामो समयसम्म आफ्नो छिमेकीलाई नाकाबन्दी गर्ने चीनले नेपालबाट भने सधैं उसको सुरक्षा संवेदनशीलता बुझिदिनुपर्छ भन्दै मिडिया संयन्त्रको माध्यमबाट दबाव जारी राखेको छ । चीनको नाकाबन्दी जस्तो संवेदनशील मुद्दामा मूलधारका नेपाली मिडिया समेत लामो समयसम्म आश्चर्यलाग्दो मौनधारणमा बसे ।

# *पत्रकार नेपाली, विषयवस्तु चीनीया*

> *मिडियामा हुने विदेशी लगानीले देशको आन्तरिक मामिलामा हस्तक्षेप हुने ठानेर नै कानुनतः विदेशी लगानी निरुत्साहित गरिए पनि विगत पाँच वर्ष यता चीनले चोर बाटोबाट नेपालमा सफ्ट पावरको रुपमा रहेको मिडियाको माध्यमबाट नेपालमा आफ्नो सक्रियता बढाउँदै गएको छ । नेपाली कानुनले विदेशीले सोझै लगानी गर्न नमिल्ने भएकोले चाइना मिडिया ग्रुप मार्फत प्राविधिक सहयोग, जनशक्तिलाई तालिम, चीनको अध्ययन भ्रमण तथा छात्रवृति, क्यामरा तथा अन्य उपकरण खरिद, डकुमेन्ट्री निर्माण आदि माध्यमबाट मिडियामा लगानी भित्र्याइने गरिएको छ ।*

नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति भए पनि क्यापिटल एफएम, रेटीभी, रेन्युजडेली जस्ता संचारमाध्यममा भने चीनका कसैले नराम्रो गरेमा त्यसबारे समाचार लेख्न नपाइने त्यहाँ कार्यरत नेपाली पत्रकारहरूको अनुभव छ । चाइना मिडिया ग्रुपको नेपाल शाखाको प्रत्यक्ष निगरानीमा रहेका यी मिडिया संजालमा भर्ना गरिएका पत्रकारको अर्न्तवार्ता ग्रुपकी नेपाल प्रमुख चाङ युएले लिएर विश्वस्त भएपछि मात्र नेपालीलाई काममा लगाउने गरिएको छ । नेपालमा रहेका चीनका नागरिकले बद्मासी गरे पनि आफूहरूले त्यस्ता सामग्री प्रशारण गर्न नसकेको उनीहरूको अनुभव छ । चीनका बारेमा कुनै पनि नकारात्मक समाचार प्रकाशन तथा प्रशारण गर्न त्यहाँ बन्देज नै छ । नेपालमा रहेका चीनका नागरिकले गरेका बदमासी अरु सञ्चार माध्यममा आए पनि रेटीभी र अनलाइनमा भने त्यस्ता समाचार भेटिदैनन् ।

चाइना मिडिया ग्रुपको छातामुनी रहेका मिडिया संजालको पहुँचको प्यारामिटर नाप्न नेपालमा हुने उच्च तहका चीनीया भ्रमण र आउने प्रतिनिधिहरूको मिडिया कभरेजमा उनीहरूको पहुँचले नै देखाउँदछ । २५ -२७ मार्च २०२२ मा नेपाल भ्रमणमा रहेका चीनका विदेशमन्त्री वाङ यीको भ्रमणको मल्टिमिडिया फुटेज खिच्न रे टीभीका सञ्चारकर्मीलाई एअरपोर्टदेखि गोप्य बैठकसम्ममा पहुँच दिइएको थियो । रे टीभीका सञ्चारकर्मीले त्यतिबेला खिचेका तस्वीर, दृश्य तथा समाचार सामग्री चाइना मिडिया ग्रुप अर्न्तगतको सीसीटीभीले प्रयोग गरेको थियो ।

मिडियामा हुने विदेशी लगानीले देशको आन्तरिक मामिलामा हस्तक्षेप हुने ठानेर नै कानुनतः विदेशी लगानी निरूत्साहित गरिए पनि विगत पाँच वर्ष यता चीनले चोर बाटोबाट नेपालमा

सफ्ट पावरको रूपमा रहेको मिडियाको माध्यमबाट नेपालमा आफ्नो सक्रियता बढाउँदै गएको छ । नेपाली कानुनले विदेशीले सोझै लगानी गर्न नमिल्ने भएकोले चाइना मिडिया ग्रुप मार्फत प्राविधिक सहयोग, जनशक्तिलाई तालिम, चीनको अध्ययन भ्रमण तथा छात्रवृति, क्यामरा तथा अन्य उपकरण खरिद, डकुमेन्ट्री निर्माण आदि माध्यमबाट मिडियामा लगानी भित्र्याइने गरिएको छ । यो कानुनी अप्ठेराबारे हामीले सोधेको प्रश्नमा प्रकाशबाबु पौडेल भन्छन् "कुनैपनि विदेशीले मिडिया कम्पनी नै खोलेर लगानी गर्ने व्यवस्था नभएकोले भएका कम्पनीलाई उपहार आदिका माध्यमबाट मैत्रीपूर्ण सहयोग गर्नु अस्वभाविक होइन ।"

सन् २०१७ मा नेपाल चीनको विश्वलाई व्यापारिक बेल्टले एक फन्को बाँध्ने महत्वाकांक्षी परियोजना बीआरआईमा आवद्ध भएयता जसरी नेपालमा चीनीया लगानी बढेको छ - निवर्तमान चीनीया राजदुत होउ यान्छिको कान्तिपुर दैनिकमा ७ जुलाई २०२२ मा प्रकाशित लेखमा त्यसको परिमाणबारे संकेत गर्न खोजिएको छ । लेखमा भनिएको छ- 'सन २०२१ म चीन-नेपालको व्यापार परिमाण १ अर्ब ९७ करोड ७० लाख डलर थियो, जुन एक वर्षअघि भन्दा ६७ प्रतिशत बढी थियो, जसमा नेपालबाट चीनमा गरिएको निर्यात ६३ प्रतिशतले बृद्धि भएको थियो । चीन-नेपाल सीमा वारपार रेलमार्ग, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौ चक्रपथ आदि ठूला परियोजनाहरु स्थिर रूपमा अघि बढिरहेका छन् । यी परियोजनाहरूले चीन-नेपालबिचको विकास तथा समृद्धितर्फ अघि बढ्ने पुस्तौंपुस्ताको मैत्रीपूर्ण रणनीतिक सहयोगको सम्बन्धलाई अझ बिस्तार गरी दुई देशका जनतालाई ठोस फाइदा पुऱ्याएका छन ।'[२२]

यी लगानीका स्वार्थ परिपूर्ति गर्न पनि मिडिया जतिको शक्तिशाली माध्यम अन्य नभएको हुँदा चीनले नीतिगत रूपमै विश्वभर मिडिया सञ्जाल फैलाउने निर्णय गरेको देखिन्छ र त्यसको शिकार नेपाल बनी सकेको छ । नेपालका लागि अमेरिकी सहायता एमसीसी र एसपीपीको विरोधमा चीनले खेलेको आक्रमक मिडियाबाजीका कारण त्यसको पक्ष र विपक्षमा नेपाली जनमत र राजनीतिक दल जसरी विभाजित भए, त्यसबाट मिडिया प्रभावलाई बुझेको अनि ०६२–६३ को जनआन्दोलन अघिसम्म मौन कुटनीतिमा सिमित चीनले त्यसयता भने मिडियालाई नेपाल र दक्षिण एसियाका अरु देशमा आफ्नो प्रभाव विस्तार गर्ने औजारका रूपमा प्रयोग गर्न थालेको छ ।

[२२]https://kathmandupost.com/columns/2022/07/06/towards-an-even-brighter-future

चीनबाट प्रत्यक्ष परोक्ष आर्थिक सहयोग लिएकै कारण चाइना मिडिया ग्रुपका नेपाली साझेदार मिडियाले चीनको गुणगान गाउने, चीनको स्वार्थ अनुकुलका मुद्दामा आफ्नो पक्षधरता देखाउने र भुराजनीतिक मामिलामा चीनलाई सहयोग पुग्ने गरी सामग्री प्रकाशन प्रशारण गरेको केस स्टडी माथि नै दिइसकिएको छ । यो रणनीतिक रूपमै गरिएकोले नेपालमा चीनको प्रभाव विस्तारमा पछिल्लो समय चीनकै मिडिया पनि सक्रिय रूपमा लागिपरेका छन् । सीसीटीभी, चाइना रेडियो इन्टरनेशनल, ग्लोबलटाइम्सडटसीएन लगायतका चिनिया मिडियाको विशेष सक्रियता त्यसैको अभ्यास हो । नेपाली मिडियामा अर्न्तवार्ता नदिने राष्ट्रपति विद्यादेवी भण्डारीले चीनीया मिडिया ग्लोबल टाइम्सलाई भने १० मार्च २०२२ मा लामो अर्न्तवार्ता दिएकी छन् । सम्भवत भण्डारीले विदेशी मिडियालाई दिएको त्यो नै लामो अर्न्तवार्ता थियो । ग्लोबल टाइम्समा प्रकाशित भण्डारीको अर्न्तवार्ता शितलनिवाससम्म चीनीया मिडियाको पहुँचको परिणाम हो । भण्डारीले अर्न्तवार्तामा सन् २०१९ मा २३ वर्षको अन्तरालमा नेपालमा भएको चीनका राष्ट्रपति सी जिनपिङको भ्रमण धेरै कारणले ऐतिहासिक भएको भन्दै त्यसले दुई देशको सम्बन्धलाई विकासका लागि रणनीतिक साझेदारीको स्तरमा पुऱ्याएको दावी गरेकी छन् । राष्ट्रपति भण्डारीले चीनीया राष्ट्रपतिसँग कयौं चोटी भेट भैसकेको मात्र होइन, आफुहरूबिच पत्र आदानप्रदान र फोनबाट समेत कुराकानी हुने गरेको उल्लेख गरेर आफूलाई चीनमैत्री देखाउन खोजेकी छन् ।[२३]

राष्ट्रपति भण्डारी चीनीया राजदुत यान्छीको अगुवाईमा थालिएको वाम एकता अभियानमा यसरी संलग्न भइन् कि उनको त्यस्तो सक्रिय अभ्यासको खुलेर बिरोध भयो । चीनीया दौडधुपमा १७ मे २०१८ मा भएको वाम एकताका निम्ति राष्ट्रपति समेत सक्रिय रूपमा लाग्नुले राष्ट्रपति भण्डारीको चीनसँगको बिशेष रुझान प्रष्ट हुन्छ ।

भण्डारीको चीन प्रेम एउटा अर्को घटनामा पनि देखियो । एमसीसी र एसपीपी प्रकरणमा देश अप्ठेरो परिस्थितिमा फसेर भर्खर निस्कन  खोजिरहेको र जनता विभाजित भएको संवेदनशील समयमा राष्ट्रपति भण्डारी सरकारले दिएको निर्देशन अवज्ञा गरेर चीनले आयोजना गरेको सुरक्षा रणनीति कार्यक्रममा सहभागी भइन् ।

[२३]https://www.globaltimes.cn/page/202203/1254559.shtml

चीनले १७ सेप्टेम्बर २०२२ मा आयोजना गरेको एक्टिङ अन दि ग्लोबल सेक्युरिटी इनिसियटिभ टु मेन्टेन दी वर्ल्ड पीस एण्ड स्टाबिलिटी (जीएसआई) मा राष्ट्रपति भण्डारीलाई आमन्त्रण गरिएको थियो । शुरूमा नेपाल त्यो कार्यक्रममा सहभागी हुने भनिए पनि विरोध भएपछि सरकारले त्यसमा सहभागी नहुन राष्ट्रपति भण्डारीको नाममा गोप्य पत्राचार गरेको थियो । गोप्य पत्रमा भनिएको छ - "चीनीया राष्ट्रपतिले ल्याउनु भएको जीएसआईका बारेमा नेपाल सहभागी हुने नहुने बिषयमा उच्च तहमा छलफलको क्रममा रहेको र कुनै ठोस धारणा नबनिसकेको हुँदा जीएसआई र सोसँग जोडिएर आउने कार्यक्रममा नेपालले आधिकारिक निर्णयमा नपुगे सम्मका लागि सहभागी हुन उपयुक्त नहुने ब्योहोरा निर्देशानुसार अनुरोध छ ।"[२४] अमेरिकाको इण्डो प्यासिफक रणनीति जस्तै यो कार्यक्रम पनि चीनको सैन्य रणनीति मिसिएको कार्यक्रम भनी मिडियामा विरोध भएपछि नेपाल सहभागी नहुने भनी निर्णय गरिएको थियो । तर राष्ट्रपतिले सरकारको निर्णय अवज्ञा गरेर भर्चुअल कार्यक्रम सहभागिता जनाएकी थिइन् ।

कुरा राष्ट्रपति भण्डारीको मात्र होइन, हमेशा वाम पृष्ठभूमिका राजदुत पठाइने चीनमा त्यहाँ जाने प्राय सबै नेपाली राजदुतले आफ्नो कुटनीतिक मर्यादा भुलेर चीनको प्रशंसागान शुरु गर्छन । चीनको साखुल्य हुन खोज्दा हो वा अरु नै कारणले, त्यहाँको मिडियाले उत्तेजित पार्दा उनीहरु दक्षिणी छिमेकी भारत र कुटनीतिक सम्बन्ध रहेका अमेरिका लगायतका विश्वका अरु देशहरु विरूद्ध वक्तव्यबाजी गरेको पत्तै पाउँदैनन । एउटा दृष्टान्त हेरौ : २७ सेप्टेम्बर २०२० मा ग्लोबल टाईम्समा प्रकाशित चीनका लागि पूर्व नेपाली राजदुत महेन्द्रबहादुर पाण्डेको अर्न्तवार्तामा उनले भारतीय पक्षले कालापानीमा सीमा मिचेका कारण बिग्रिएको सम्बन्ध नसुध्रिएको तर नेपाल-चीनबिच प्राकृतिक सम्बन्ध रहेको दावी गरेका छन् ।[२५] चीनीया मिडिया रणनीतिबाट अनभिज्ञ जस्ता देखिने पाण्डेले एउटा छिमेकी विरूद्ध अर्को छिमेकीसँग कटु वचन गर्न कुटनीतिक मर्यादाले दिदैन भन्ने सामान्य हेक्का समेत राखेको देखिदैन ।

---

[२४]https://theannapurnaexpress.com/news/who-decides-nepals-foreign-policy-conduct-31899
[२५]https://www.globaltimes.cn/content/1202258.shtml

# ३ मूलधारका मिडियामा चीनको प्रभाव

> *चीन भ्रमणमा गएर फर्किएका विभिन्न पत्रकारहरुसंग गरिएको कुराकानीको आधारमा तयार पारिएको अनुमानित आँकडा अनुसार अहिलेसम्म कनिष्ठ देखि बरिष्ठसम्मका करिब ७ हजार भन्दा बढी पत्रकारले चीन भ्रमण गरी सकेका छन् । बजारमा चिनिएका चीनको भ्रमण नगरेका नेपाली पत्रकार पाउन मुश्किल छ । हप्तैपिच्छे चीन भ्रमणमा जाने पत्रकारहरुको लर्को कोभिड महामारीले गर्दा रोकिएको थियो । चीनले नेपाली पत्रकारलाई आफ्नो देशका विभिन्न शहर घुमाएर पठाउनुको उदेश्य आफूप्रति अनुग्रहित बनाउने र चीनको पक्षमा प्रचार-प्रसार गराउने रहेको फर्किएर आउनेहरुको अनुभव छ ।*

उत्तरी छिमेकी चीनले नेपालका मूलधारका मिडियालाई समेत आफ्ना स्वार्थमा उपयोग गर्ने रणनीतिमा काम थालिसकेको देखिन्छ । रिपब्लिक मिडिया प्रालिले अमेरिकन ब्रोडसीट न्युयोर्क टाइम्स काठमाडौबाट प्रकाशित गर्न थालेको केही समयपछि चीनले पनि आफ्नो अग्रेंजी मुखपत्र चाइना डेली हिमाल मिडिया प्रालि मार्फत प्रकाशन गरेर काठमाडौमा वितरण गर्न थाल्यो । चीनको सरकारी छापा माध्यमलाई काठमाडौकै स्थापित मिडिया हाउसबाट प्रकाशन गरेर वितरण गर्न सफल हुनु चीनका लागि उपलब्धि नै मान्नुपर्छ । चाइना डेलीका समाचारसँग नेपाली पाठकको खासै रुचि र निकटता थिएन । चाइनाडेली काठमाडौमा अस्तित्वमा आउनु आफैमा अनौठो घटना थियो । हिमाल मिडिया प्रालिले चीनीया पक्षसँग छपाई लागत लिएर जगदम्बा प्रेसबाट चाइनाडेली छाप्ने गरेको थियो, अहिले त्यो बन्द भएको छ । लोकतन्त्र, बहुलवादी खुल्ला समाज, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पैरवी गर्दै आएको हिमालले जनवादी गणतन्त्र चीनको पत्रिका चाइनाडेलीसँग साझेदारी गरेर काठमाडौमा छपाई तथा वितरण गर्नु धेरैका निम्ति आश्चर्यमूलक घटना थियो ।

सोझो तरिकाले नआउने हुनाले नेपालका मूलधारका मिडियामा चीनको के कति लगानी छ भन्ने बारे जानकारी उपलब्ध छैन । तर चीनले देशभर फैलिरहेका चीनीया कम्पनी र उद्योगबाट विज्ञापन उपलब्ध गराइदिएर, चीनीया भाषाको कक्षामा सहभागी गराएर, नेपाली पत्रकारलाई चीन भ्रमणको चाँजोपाँचो मिलाएर, चीनका कलेज तथा विश्वविद्यालयमा पत्रकारिता अध्ययनका लागि

छात्रवृति उपलब्ध गराइदिएर आफ्नो प्रभाव विस्तार गरिरहेको छ । चीन भ्रमणमा गएर फर्किएका विभिन्न पत्रकारहरूसंग गरिएको कुराकानीको आधारमा तयार पारिएको अनुमानित आँकडा अनुसार अहिलेसम्म कनिष्ठ देखि बरिष्ठसम्मका करिब ७ हजार भन्दा बढी पत्रकारले चीन भ्रमण गरी सकेका छन् । बजारमा चिनिएका चीनको भ्रमण नगरेका नेपाली पत्रकार पाउन मुश्किल छ । हप्तैपिच्छे चीन भ्रमणमा जाने पत्रकारहरूको लर्को कोभिड महामारीले गर्दा रोकिएको थियो । चीनले नेपाली पत्रकारलाई आफ्नो देशका विभिन्न शहर घुमाएर पठाउनुको उदेश्य आफूप्रति अनुग्रहित बनाउने र चीनको पक्षमा प्रचार-प्रसार गराउने रहेको फर्किएर आउनेहरूको अनुभव छ । चीनका विश्वविद्यालय र कलेजहरूमा विभिन्न विषयमा नेपाली छात्रछात्रालाई छात्रवृति उपलब्ध गराइने प्रचलन नयाँ होइन - पहिला कम जान्थे अहिले त्यो संख्या बढेको ठानिन्छ । पछिल्लो समय पत्रकार र तिनका सन्तानलाई पनि पत्रकारितासहित अन्य विषयमा छात्रवृत्तिमा अध्ययनका लागि चीन लैजाने गरिएको छ । यसबाट पनि चीनले नेपाली पत्रकारका सन्तानलाई अवसर दिएर क्षमतावान पत्रकारलाई समेत आफुतर्फ आकर्षित गर्न खोजेको देखिन्छ ।

एउटा उदाहरण हेरौं - २० जनवरी २०२० मा नेपाली पत्रकारलाई चीनीया भाषा कक्षा तालिम काठमाण्डौ विश्वविद्यालय (केयू) सँगको सहकार्यमा कन्फ्युसियस इन्स्टिच्यूट सेन्टरका माध्यमबाट संचालन गरिएको थियो । नेपाल चाइना मिडिया फोरम र कम्फयुसियस सेन्टरको संयुक्त आयोजनामा केयुमा ५७ जना पत्रकारलाई ३ महिने तालिमको आयोजना गरिएको थियो । यो कार्यक्रमको उद्घाटन तत्कालिन शिक्षामन्त्री गिरिराजमणी पोखरेलले गरेका थिए । कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक वाङ सेङ्लीले चिनिया भाषामा समाचार लेख्न सहयोग पुग्ने चीनीया भाषाको तालिमबाट १२ हजार नेपाली लाभान्वित भइसकेको बताएका थिए ।

नेपाल चाइना मिडिया फोरमले देशभरिका संचारमाध्यमहरूलाई चीनीया सरोकार सम्बन्धी कार्यशालामा सहभागी गराउने, चीन घुम्न लैजाने, चीनीया छात्रवृत्ति पाउन सहजीकरण गर्ने, मेन्डारिन भाषाकक्षामा संचारकर्मीलाई सहभागी गराउने लगायतका काम गर्दछ । फोरममार्फत चीनको भ्रमणमा जाने पत्रकारहरूको संख्या नै सयौं पुगेको छ । फोरमको काम यतिमै सिमित छैन, नेपाल मामिलामा चीनलाई अप्ठेरो पर्दा सहयोग समेत गर्ने गरेको पाइएको छ । फोरमले चीनलाई संकट पर्दा साइनो नेपाल मिडिया सोसाइटीले जसरी काँध नै थाप्ने गरेको रहेछ । त्यस्तो काममा फोरमले आफूले चीनबाट तालिम, भ्रमण र छात्रवृत्ति दिलाएका पत्रकारको

सहयोग लिने गरेको छ । त्यो बुझ्न विश्वभर फैलिएको चीन सरकारसँग सरोकार राख्ने एउटा घटना माथि चर्चा गर्न जरुरी हुन्छ ।

२४ जुन २०२० मा तत्कालीन पत्रकार स्व. बलराम बानियाँले कान्तिपुर दैनिकमा चीनले नेपालको उत्तरतर्फ ७ वटा जिल्लामा सीमा मिचेको रिपोर्ट लेखेपछि देशभित्र मात्र होइन, अन्तर्राष्ट्रिय जगतमै हल्लीखल्ली मच्चियो । उनले कृषि मन्त्रालयले गरेको अध्ययनमा आधारित गोप्य दस्तावेजको हवाला दिंदै समाचार बनाएका थिए । त्यसको खण्डन गर्दै चीनीया पक्षले मात्र होइन, नेपालको परराष्ट्र मन्त्रालयले पनि समाचारमा उल्लेख गरिएको दस्तावेज मिथ्या भएको भन्दै विज्ञप्ति जारी गरेको थियो । १५ असारमा राष्ट्रिय सभाको विशेष समय लिई परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले भनेका थिए "नेपाल-चीनबिच कुनै सीमा विवाद छैन । समाचार प्रायोजित हो ।"[२६] समाचारको तथ्यतामाथि चीनीया दुतावासले आक्रमक रुप धारण गरेपछि कान्तिपुरले माफी मात्र मागेन, पत्रकार बानियाँलाई आन्तरिक कारवाही समेत गरेको बताइयो ।

यो प्रसंग नसेलाउँदै स्थलगत अध्ययनका आधारमा जिल्ला प्रशासन कार्यालय हुम्लाका सहायक प्रजिअ दत्तराज हमालले जिल्ला प्रशासन कार्यालय र तालुकदार मन्त्रालयमा चीनीया पक्षले सीमा क्षेत्रमा सीमा प्रोटोकलविरुद्ध काम गरिरहेको प्रतिवेदन बुझाए । हुम्ला जिल्लासँग जोडिएको नेपाल-चीन सिमानामा चीनपट्टिबाट नेपाली भूमि अतिक्रमण भएको हमालकै प्रतिवेदनको आधारमा विवादित क्षेत्रको अध्ययन गर्न गएको कर्णाली प्रदेशको प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका नेता तथा पूर्व पर्यटनमन्त्री जीवनबहादुर शाहीको टोलीले पनि नेपाली भूमि मिचिएको प्रतिवेदन सार्वजनिक गरी सरकारलाई सीमा क्षेत्रमा विज्ञ समूह पठाई सत्य-तथ्य पत्ता लगाउन सिफारिश गऱ्यो । चीन जोडिएकोले यो समाचारले भारत लगायतका पश्चिमा संचारमाध्यममा प्रमुखताका साथ स्थान पायो ।

उत्तरी सीमामा रहेको गडबडी बाहिर ल्याउने प्रशासक हमाललाई सरकारले विभागीय कारबाही गर्ने प्रक्रिया अगाडि बढ्यो । सरकारले शाही प्रतिवेदनलाई 'प्रतिपक्ष स्टन्ट' को संज्ञा दिंदै सीमामा केही समस्या नरहेको भनाइ दोहोऱ्याइ रह्यो । चीनीया मिडिया र चीनीया स्वार्थ पैरवी गर्दै आइरहेका नेपाली पत्रकार र मिडियाले चीन र सरकारको प्रतिरक्षा गरे । त्यति मात्र होइन

---

[२६]https://myrepublica.nagariknetwork.com/news/there-is-no-border-dispute-between-nepal-and-china-foreign-minister-gyawali/

यी मिडियाले उत्तरी सीमामा गडबड छ भनी गल्ती देखाई दिने हमाल र शाही विरूद्ध एमसीसी र एसपीपीमा जसरी नै धुँवाधार आक्रमण गरे । चीनीया पक्षले बारम्बार नेपाल-चीन सीमा क्षेत्रमा एक इन्च पनि जग्गा यताउति नगरिएको दाबी गरेको थियो ।[२७]

परराष्ट्र मन्त्रालय पनि चीनीया बोलीमा लोली मिलाउँदै सीमा बिवाद नरहेको बताउन छाडिरहेको थिएन ।[२८] हमाललाई सरकारले दुर्गम क्षेत्रमा पठाएर सत्य बोलेबापत दण्डित गरेको थियो । सचिवस्तरीय निर्णय गरी उनलाई कडा चेतावनी पत्र पठाएर थप आतंकित पार्ने काम गरियो ।[२९] निजामती सेवा ऐन, २०४९ को दफा ५५ (क) बमोजिम चेतावनी दिइएको भन्दै सो पत्रमा लेखिएको छ "तपाईंले नेपाल र छिमेकी राष्ट्रबिचको सीमा जस्तो संवेदनशील विषयमा सार्वजनिक रूपमा विभिन्न संचारमाध्यममा अभिव्यक्ति दिनुभएकोले सचिवस्तरीय निर्णय बमोजिम चेतावनी दिइएको छ ।"

अर्कोतर्फ चीनले आफ्नो प्रचार संयन्त्रमार्फत शाहीलाई आरोपित गरिरहयो । चीनीया सरकारको अंग्रेजी मुखपत्र ग्लोबल टाइम्समा १६ अक्टोबर २०२० मा छापिएको लेखमा 'जीवन शाही र उनको प्रो-इण्डियन दल नेपाली कांग्रेसले भारतीय स्वार्थमा नेपाल-चीन सम्बन्धमा भाँजो हाल्न सीमा विवाद उठाएको' गम्भीर लाञ्छना लगाइएको छ ।[३०] त्यसै पत्रिकाको १० नोभेम्बर संस्करणमा हू-यूवेइको बाइलाइनमा छापिएको लामो लेखमा शाहीलाई अरोपित गर्दै लेखिएको छ, "भारतको पिछलग्गु नेपाली कांग्रेसका अमेरिकी शैक्षिक संस्थाबाट पाइलट पढेका सांसद जीवनबहादुर शाहीले भारत र अमेरिकाको स्वार्थमा नेपाल-चीनबिचको सम्बन्ध बिगार्न सीमा विवाद उछालिरहेका छन् ।"[३१] यसरी आक्रमण गर्न नेकपाको भ्रातृ संगठन हिमाली भोटे लामा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष कारचेन लामाको भनाइ उद्धृत गर्दै शाहीले स्वतन्त्र तिब्बत आन्दोलनलाई प्रश्रय दिइरहेको आपत्तिजनक आरोप लगाउँदै लेखमा भनिएको छ, "शाही रातिराति सीमा क्षेत्रमा स्वतन्त्र तिब्बतको झण्डा बोकेर हिंड्ने गर्छन् ।"[३२] शाहीले यस्तो आरोप पुष्टि गर्न विज्ञप्तिमार्फत सार्वजनिक चुनौती दिए पनि शाही विरूद्धको यस्तो प्रोपोगाण्डा रोकिएन ।

---

[२७]https://myrepublica.nagariknetwork.com/news/china-denies-encroaching-nepali-territory-in-humla-asks-nepal-to-verify-the-border-points/
[२८]https://english.onlinekhabar.com/nepali-congress-govt-rushed-to-refuse-chinese-border-encroachment-report.html
[२९]https://english.kathmandupati.com/nepal/2232/
[३०]https://www.globaltimes.cn/page/202010/1203736.shtml?id=11
[३१]https://www.globaltimes.cn/page/202011/1206402.shtml?id=11
[३२]https://www.globaltimes.cn/page/202011/1206402.shtml?id=11

आफ्नो प्रचार संयन्त्रमार्फत भरमार 'गाली' गरेपछि चीनीया दूतावास काठमाडौंले १३ नोभेम्बर २०२० मा नेपाली कांग्रेस केन्द्रीय कार्यालयलाई पाँच पृष्ठ लामो पत्र काटी नेपाल-चीन सीमा सम्बन्धी सांसद शाहीको भनाइमाथि 'गहिरो खेद प्रकट' गरेको मात्र छैन नेपाली कांग्रेस नेतृत्वलाई सम्बोधन गर्दै ठाडो शैलीमा शाहीलाई 'त्यस्तो कार्य' गर्नबाट रोक्न निर्देशन नै दिएको छ । चीनीया दुतावासका राजनीतिक र प्रेस विभागका झाङ गुपेनको नाममा प्रेषित पत्रमा धम्कीको भाषामा भनिएको छ, 'नेपाली कांग्रेसका सांसद जीवनबहादुर शाहीले निरन्तर चीनले नेपालको भूमि अतिक्रमण गऱ्यो भन्ने तथ्यहीन र बिना आधार जुन आरोप लगाइरहेका छन्, त्यसले दुई पक्षबिचको मित्रतामाथि असर पार्नेछ ।'[३३] तत्कालीन नेकपा सरकारले त त्यस बारे केही बोलेन तर कूटनीतिक मर्यादा समेत नराखी प्रमुख प्रतिपक्षी दललाई ठाडो भाषामा लेखिएको यस्तो पत्रबारे कांग्रेसले समेत दुतावासलाई गतिलो जवाफ दिन सकेन ।

हुन पनि चीनको प्रत्यक्ष धम्की आएपछि शाहीले संचारमाध्यममा आफ्नो ज्यान खतरामा रहेको बताएका थिए । उनको भनाइ थियो 'मलाई राति-राति तिब्बती झण्डा बोकेर हिंड्छ भनी दुष्प्रचार गरिएको छ । एक चीन नीति विरोधीको लाञ्छना लगाई मेरो छवि देशद्रोहीको बनाइँदैछ । त्यसपछि परोक्ष रूपमा कारबाहीको धम्की दिई म आबद्ध दललाई मेरो चरित्रहत्या गरी चिठी लेखिएको छ । त्यसैले मेरो ज्यान खतरामा परेको छ भनेको हुँ ।'[३४]

चीनको धम्की तथा दबाबका बावजुद सरकारले सीमा समस्या लामो समयसम्म लुकाउन भने सकेन । बिरोध बढेपछि हुम्लाका प्रजिअ चिरञ्जीवी गिरीलाई सिमकोटबाट गाडीमा दुई दिन लाग्ने उत्तरी सीमाको अवलोकन गर्न पठायो भने २०७९ को भदौमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले गृह मन्त्रालयका तत्कालीन सहसचिव जयनारायण आचार्य संयोजक रहेको सात सदस्यीय अध्ययन टोलीलाई हुम्लाको नाम्खा गाउँपालिकाको लिमि लाप्चादेखि हिल्सासम्मको समस्या पहिचान गरी समाधानका उपायहरू सहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दियो । बेलायती समाचार संस्था बीबीसीले प्राप्त गरेको दावी गरिएको समितिको प्रतिवेदनमा तीन हप्ता लगाई गरेको अध्ययन रिपोर्टको आधारमा चीनीया पक्षका कारण सीमामा कैयौं समस्या रहेको औंल्याएको छ ।[३५]

---

[३३] https://english.khabarhub.com/2020/13/141914/
[३४] https://english.khabarhub.com/2020/22/143664/
[३५] https://www.bbc.com/news/world-asia-60288007

आचार्य संयोजक रहेको टोलीले स्तम्भ नम्बर ५ (२) माथिको किट डाँडाको बहुधार र किट खोलासम्म चीनीया पक्षले तारबार लगाई नेपाल-चीन साझा सीमा स्तम्भ नम्बर ५(२)को दक्षिण र किट खोलाको पूर्व हुँदै उत्तरतर्फ रहेको सीमा स्तम्भ नम्बर ६ (१) बाट तारबार कर्णाली नदीसम्म पुऱ्याएको ठहर गरेको छ । स्तम्भ नम्बर ५ (२) बाट किट खोलाको मध्यभाग नै दुई देशको सीमा हुने प्रोटोकलमा उल्लेख भएकाले उक्त भूभाग नेपालको हुन्छ । तर चीनीया पक्षले नेपाली त्यो भूभागमा तारबार लगाएको अध्ययन टोलीको ठहर छ ।

साथै, चीनले किट डाँडाको पानी आफ्नो सीमाभन्दा करिब १४५ मिटर वर नेपालको भूभागमा पर्ने किट खोलाबाट स्थायी नगर बनाएर लिने प्रयास गरेको र सोही बमोजिम सडक र टङ्की निर्माण गरेकोमा सशस्त्र प्रहरीको तदारुकताका कारण निर्मित संरचना भत्काएर पुरेको उल्लेख गरिएको छ ।

यसबाट दीर्घकालीन रूपमा पानीको मुहानमा चीनीया पक्षले नियन्त्रणको प्रयास गर्ने भएकाले यसको संरक्षण र कुटनीतिक सम्बोधन हुन आवश्यक रहेको देखिन्छ । चीनीया पक्षबाट भइरहेको अतिक्रमण सरकारी टोलीको अध्ययनबाटै  सार्वजनिक भइसकेको छ । तैपनि चीनीया प्रोपोगाण्डा विभागबाट संचालित नेपालमा सक्रिय मिडिया सञ्जालले चाहिं आफ्नो प्रोपोगाण्डा फैलाउन अझै छाडेको देखिदैन । सत्यलाई मिथ्या सूचनाले लुकाउन खोजिएको छ । माथि उल्लेख गरिएको नेपाल चाइना मिडिया फोरमले ५ अक्टोबर २०२१ को अध्ययन भन्दै नेपाल-चीन सिमानामा कुनै गडबड नरहेको रिपोर्ट प्रकाशित गरेको छ । सीमा सन्धि ६० बर्ष र सगरमाथा सन्धिको ६० बर्ष पुगेको अवसरमा गरिएको भनिएको फोरमको अध्ययनले नेपाल-चीन सन्धि भएयता उत्तरी सिमामा कुनै समस्या नरहेको ठोकुवा गरिएको छ ।[३६]

पत्रकारले खोलेको संस्थाले चीनसँग सीमा विवाद अध्ययन गरेर प्रतिवेदन दिनु आफैमा उदेकलाग्दो हो । न विषय विज्ञता र न सीमा सम्बन्धी काम गरेको अनुभव, तैपनि सीमा विवाद जस्तो संगिन विषयमा चीनको पक्षधरता प्रकट गरेर फोरमले आफूलाई चीनीया पक्षको प्रचार संयन्त्र सावित गरेको छ ।

---

[३६] https://www.peoplesreview.com.np/2021/10/07/journalists

# ४ यान्छीको आक्रामक कार्यकाल

> *नेपाल एउटा संघीय व्यवस्था भएको गणतान्त्रिक-लोकतान्त्रिक राज्य हो । चीन एकदलीय एकात्मक राज्य हो जहाँ लोकतान्त्रिक चरित्रको परिकल्पना पनि गर्न सकिदैंन । तर हाम्रा नेताहरुले त्यस्तो व्यवस्थाका नायक सी विचारधाराबाट आफू र कार्यकर्ता दिक्षित गराउन थालेर आफ्नो भूमिका संदिग्ध बनाएका छन् । आफ्नो रणनीतिमा अड्चन ल्याउने विरुद्ध यान्छीले आफ्नो मिडिया संजाल मार्फत आक्रमण गरेरै पन्छ्याउने प्रयत्न गरिन् ।*

१२ अक्टोबर २०१९ मा चीनका राष्ट्रपति सी जिन पीङको दुई दिने भ्रमणको पूर्व सन्ध्यामा तत्कालीन चीनीया राजदुत होउ यान्छीको सक्रियतामा सम्पादन गरिएका केही काम ध्यान दिन योग्य थिए । सन् १९९६ मा चीनीया राष्ट्रपति जियाङ जमिनको भ्रमणको २३ वर्षपछि भारत हुँदै २ दिने नेपाल भ्रमणमा आउन लागेका राष्ट्रपति सीको स्वागतार्थ राजदुत यान्छीसँग राष्ट्राध्यक्षका निम्ति नेपाल मामिलामा गजबका केही उपहार थिए । उनले अहोरात्र खटेर एमाले र माओवादीलाई एक ठाउँमा ल्याई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन गर्न निर्णायक भूमिका निर्वाह गरेकी थिईन् । यान्छीले दुई ठुला कम्युनिष्ट नामधारी पार्टीलाई एक ठाउँमा ल्याएको मात्र होइन तिनका नेतृत्वलाई चीनीया मोडलको राजनीतिमा दीक्षित गराउने पाठशालामा भर्ना गराएर सी विचारधारा घोकाएकी पनि थिईन । यो काम उनले दुई दल एकीकरण हुनुअघिदेखि नै गर्दै आएकी थिईन । चीनीया परराष्ट्र मन्त्रालयको योजना अर्न्तगत चलाइएको यस्तो अभ्यासमा एकीकरण अघिका नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरू सहभागी थिए । शक्तिको हिसाबले संसदमा करिब दुई तिहाई सिट ओगट्ने दललाई आफ्नो नियन्त्रण र इसारामा नचाएपछि राजदुत यान्छीले राष्ट्रपति सीको महत्वाकांक्षी परियोजना बीआरआईमा नेपाललाई चलायमान गराउने तारतम्य मिलाएकी थिइन् । त्यसैको तयारीका साथ राष्ट्राध्यक्ष सीको नेपाल आगमनमा उनी स्वागतार्थ अग्रभागमा खडा भएकी थिइन ।

सी भ्रमणको पूर्व सन्ध्यामा चीनीया कम्युनिष्ट पार्टीका अर्न्तराष्ट्रिय विभाग प्रमुखको उपस्थितिमा नेकपाको विदेश विभागले २३ सेप्टेम्बर २०१९ मा आफ्ना केन्द्रीय नेताहरूका निम्ति काठमाण्डौमा सी विचारधारा पढाउने प्रशिक्षणशाला यान्छिकै सक्रियतामा आयोजना भएको थियो । यो अभ्यास त्यसअघि दुई देशका कम्युनिष्ट पार्टीबिच भर्चुअल माध्यममा मात्र आयोजना भएका थिए । यहाँ छुटाउन हुँदैन - देशभित्र आयोजन हुने यस्तो पाठशालामा बस्न छुट्ने प्रशासक, प्राज्ञिक, बौद्धिक, मिडियाकर्मी र नेताहरूलाई चीनीया कम्युनिष्ट पार्टीको अर्न्तराष्ट्रिय विभागको अगुवाईमा चीनमै लगेर चीनीया मोडलको राजनीतिक प्रशिक्षण दिने गरिन्छ । यसरी चीन लैजानेमा चीनीया राजदुतावासको मात्र प्रत्यक्ष संलग्नता नभई एमाले, माओवादी, नेपाल मजदुर किसान पार्टी लगायतका चीनसँग भाइचारा सम्बन्ध भएका बाम दल र चीनीया विश्वासपात्र लगायतका मिडिया साझेदारको संलग्नता हुने गरेको छ ।

हिरण्यलाल श्रेष्ठको पुस्तक 'सिक्सटी इयर्स अफ डायनामिक पार्टनरसीप' मा नेपालले १ अगस्ट १९५५ देखि चीनसँग दौत्यसम्बन्ध कायम गरेको गरिएको उल्लेख छ । नेपालको तर्फबाट शाही सल्लाहकार सरदार गुञ्जमान सिंह र चीनको तर्फबाट राजदुत युआन जोङ् सियाङ्ले काठमाडौमा हस्ताक्षर गरेर चीन नेपाल दौत्य सम्बन्ध शुरु गरेका थिए । त्यसपछि चीनसँग १९५६ मा आर्थिक सहायता सम्झौता भयो भने १९६० मा चीनले काठमाण्डौमा दुतावास खोल्यो । त्यसको अर्को वर्ष नेपालले पनि पेकिङ (बेइजिङ) मा नेपाली दुतावासको स्थापना गरेको हो । नेपाल आउने पहिलो चीनीया राजदुत झाङ सिजी थिए भने केशरबहादुर केसी बेइजिङ जाने पहिलो नेपाली राजदुत थिए । डा. टिआर घोबलेको पुस्तक 'चाइना-नेपाल रिलेसन्स एण्ड इण्डिया ' अनुसार दुई देशबिच कुटनीतिक सम्बन्ध कायम भएदेखि नेपाल भ्रमणमा २ जना (२०१९ मा राष्ट्रपति सी पनि थपिए) राष्ट्रपति, ५ जना प्रधानमन्त्री र ५ जना उप-प्रधानमन्त्रीले नेपाल भ्रमण गरेका छन् ।

नेपालबाट चीन जानेहरूको संख्या त्यो भन्दा धेरै छ । चीनले नेपालमा दरबारसँग दौत्य सम्बन्ध शुरुआत गरेर सम्बन्ध विस्तार गरिरहेकोले उसले राजतन्त्रलाई स्थायी र विश्वासिलो मित्रको रूपमा हेरेको थियो । दरबार सक्रिय रहुञ्जेल चीनका निम्ति सबैभन्दा बढी बिश्वासिलो मानिएको राजतन्त्र ढलेपछि चीनले आफ्नो सम्बन्धलाई नयाँ तरिकाले परिभाषित गर्न थालेको देखिन्छ । देश-देशबिच चल्दै आएको सम्बन्धलाई दल- दल तहमा रूपान्तरण गर्ने अभ्यास शुरु गरिएको छ । त्यसैको नतिजा सी बिचारधारा सम्बन्धी नेकपाले चलाएको प्रशिक्षणशाला

हो । राज्य-राज्यबिच गरिनुपर्ने काम यसरी दल-दलबिचमा सम्पादन हुन थालेपछि चीनीया ब्यवहारमा पनि परिवर्तन आउनु स्वाभाविक थियो । परराष्ट्र मन्त्रालयको निर्देशनमा यान्छीले यो प्रशिक्षण सञ्चालन गरी चीनको नेकपासँगको सम्बन्ध विस्तारको काम सफलतापूर्वक सम्पादन गरिन् ।

सदियौंदेखि चल्दै आइरहेको बहुमूल्य उपहारले स्वागत गर्ने बादशाह परम्परालाई कायम राख्न सकेकी राजदुत यान्छीको यस्तो नयाँ राजनीतिक उपहारबाट राजकीय भ्रमणमा आएका राष्ट्र प्रमुख खुशी नहुने कुरै थिएन । त्यसमाथि नेपालका राष्ट्रपति, प्रधानमन्त्री, उपराष्ट्रपति, संवैधानिक निकायका प्रमुख र देशका सर्वोच्च पदका पदाधिकारी सबै नतमस्तक भई आफ्नो स्वागतार्थ लामबद्ध देखेपछि सीको खुशीको सीमा रहेन ।

यान्छीले यो सबै किन गरेकी थिइन् ? यसको भू-राजनीतिक अर्थ थियो भन्ने कथ्य माथि नै भनी सकियो । त्यस बाहेक अन्य कारणहरु पनि छन । जस्तैः राज्य-राज्यबिच गरिने सहकार्य र लेनदेन पारदर्शी हुन्छ । त्यसको आफ्नै सिमितताहरु हुन्छन । कानुनी र प्रशासनिक झमेलाबाट गुज्रनुपर्ने हुन्छ । त्यसैले चीनीया पक्षले दलसँग राष्ट्रिय स्वार्थ सम्बन्धी लेनदेन गर्न थालेको विश्वास गरिन्छ । व्यक्तिसँग गरिने कारोबार गोप्य र अपारदर्शी किसिमले मिलान गर्न सकिने हुनाले चीनीया पक्षले आफ्ना स्वार्थजनित योजनाहरु राज्यको आँखा छल्दै गर्दै आइरहेका हुन सक्छन् । राजनीतिक दलका नेतृत्वलाई राम्ररी थाहा छ - नेपाल एउटा संघीय व्यवस्था भएको गणतान्त्रिक-लोकतान्त्रिक राज्य हो । चीन एकदलीय एकात्मक राज्य हो जहाँ लोकतान्त्रिक चरित्रको परिकल्पना पनि गर्न सकिदैंन । तर हाम्रा नेताहरूले त्यस्तो व्यवस्थाका नायक सी विचारधाराबाट आफू र कार्यकर्ता दिक्षित गराउन थालेर आफ्नो भूमिका संदिग्ध बनाएका छन् । आफ्नो रणनीतिमा अड्चन ल्याउने विरूद्ध यान्छीले आफ्नो मिडिया संजाल मार्फत आक्रमण गरेरै पन्छाउने प्रयत्न गरिन् ।

शान्त कुटनीति अपनाउँदै आएको चीनले सन् २०१८ मा आक्रमक स्वभावकी होउ यान्छीलाई नेपालका लागि राजदुत बनाई काठमाडौ पठाएपछि त्यसयताका चीनीया आक्रामकता निकै बढेर गयो । चाहे त्यो पत्रकारलाई ठाडै धम्क्याएर लेखिएको पत्र होस् या पूर्व मन्त्री तथा सांसदलाई व्यक्तिगत आक्षेप लगाएर देशको पुरानो लोकतान्त्रिक पार्टीलाई लेखेको ठाडो पत्र

- यान्छीको आक्रामकताले कुटनीतिको सीमा पार गरेको थियो । एमसीसी, एसपीपी र वाम एकतामा यान्छीले देखाएको सिमाहिन सक्रियताले नेपाललाई संकटमा पारेको दृष्टान्ट माथि नै स-विस्तार चर्चा गरी सकिएको छ । यी सबै यान्छीको स्वभावजन्य अभ्यास नभएर चीन सरकारको नेपालमाथि लागू गरिएको नवीन रणनीतिको एउटा अध्याय थियो ।

विश्वमञ्चमा आफूसँग आमने-सामने लडिरहेको अमेरिकाले भारतको सहयोगमा नेपालको भूमी प्रयोग गरेर चीनलाई घेराबन्दी गर्न खोजेको विश्लेषणमा चीन सरकारले नेपाल नीतिमा कडा रवैया अख्तियार गरेको देखिन्छ । त्यसका निम्ति उसले आफ्नो मुद्दा स्थापित गराउने मिडिया संयन्त्रमाथि ठूलो अवैध र अपरादर्शी धनराशी खर्च गरेको छ । यो सँगै देशका नीति नियम बनाउने सांसदहरूलाई उपयोग गर्न देशको सबैभन्दा बढी मत भएको वामपन्थी दललाई हातमा लिन चीनले फेरि वाम एकताका निम्ति मेहनत गरेको छ । यान्छीको सक्रियतामा भएको वाम एकताबाट बनेको नेकपा लामो समय नटिके पनि सीमा बिवाद जस्ता मुद्दा र बीआरआई जस्ता महत्वाकांक्षी र रणनीतिक परियोजनामा नेपाललाई हस्ताक्षर गराउन चीन सफल भएको छ । यी उपलब्धिमा चीनका लागि मिडिया साधक भएका छन् ।

हुन पनि आफ्नो कार्यकालभरि राजदुत यान्छी नेपालको आन्तरिक राजनीति व्यवस्थापन गर्न, बाम एकता गर्न र नेकपाको बिभाजनपछि उत्पन्न विवाद मिलाउन र चीनले नेपालमा गरेका कामको खुल्लेआम प्रचार गर्न सक्रिय भइन् । यान्छी नेपालबाट सरुवा भई आसीयान देशहरु हेर्ने गरी २०२३ को शुरुमै इन्डोनेशिया रमाना भएकी छन् । उनको स्थानमा नयाँ राजदुत छन् सोङ आइसकेका छन् । तर, यान्छीको नेपाल कार्यकाल भने उनीअघिका सबै चीनीया राजदुत भन्दा धेरै दृष्टिले विशेष देखियो, कुटनीतिक सञ्चालनदेखि मिडिया व्यवस्थापनसम्ममा । चीनका निम्ति पछिल्ला वर्ष नेपाल नीतिमा रणनीतिक रुपले नयाँ शैलीमा प्रस्तुत गरियो र यान्छीले मुख्य भूमिका खेलिन् । उनले चीनीया राजदुतावास र नेपाली पत्रकार एवं मिडियासँग प्रत्यक्ष सम्वाद थालिन् । यान्छीले कान्तिपुर र काठमाडौ पोस्टमा चीनको पक्षमा वकालत गर्दै आफैले नेपाली र अंग्रेजी भाषामा लेख लेखिन् ।[३७] २१ अप्रिल २०२२ मा नेपाली पत्रकारहरूलाई सम्बोधन गर्दै भर्चुअल बैठक गरेर नेपालमा चीनले गरेका कामहरूको फेहरिस्त पेश गरिन् ।

---

[३७]See https://kathmandupost.com/opinion/2022/10/24/some-thoughts-as-i-bid-farewell-to-nepal, https://ekantipur.com/bibidha/2022/10/23/166653091523128190.html?author=1

चीनीया दुतावासको वेवसाइटमा राखिएको यान्छीको त्यो लिखित मन्तव्यमा भुकम्प र कोभिडका बेला चीनले नेपाललाई गरेको सहयोगको विवरण मात्र पेश गरिएको छैन, दरबार हाइस्कुल, सिभिल अस्पताल र दोलखाका विद्यालय बनाउन चीनले गरेको सहयोगको समेत प्रचार गरिएको छ । यान्छीले मन्तव्यमा नेपाललाई सबैभन्दा बढी कोरोना खोप उपलब्ध गराउने देश चीन भएको उल्लेख गरेकी छन् ।[३८]

यान्छीकै कार्यकालमा एमाले र माओवादीबिच एकता भएर नेकपा बन्यो । यसको सबैको व्यवस्थापनमा यान्छीको सक्रियता रहेको थियो । उनले आफ्नो देशको सुरक्षा संवेदनशीलतालाई केन्द्रमा राखी चीन सरकारले तय गरेको नेपाल नीतिलाई अगाडि बढाउन नेकपा र चीनीया कम्युनिष्ट पार्टीबिच पार्टी स्तरमा सम्झौता गराउन, नेकपा कार्यकर्तालाई सी विचारधाराबारे प्रशिक्षण आयोजना गराउन अनि नेपालका राष्ट्रपति विद्यादेवी भण्डारीलाई चीन र चीनका राष्ट्रपति सी जिनपिङलाई नेपाल भ्रमण गराउन सफल भइन् । यान्छीको कार्यशैली कुटनीतिक भन्दा बढी राजनीतिक थियो भने उनी चीनको प्रोपोगाण्डा विस्तारमा आक्रमक देखिएकी थिइन् । यो पक्का हो कि यसका निम्ति चीनमूखी मिडिया र पत्रकारहरूका संयन्त्रलाई उनले सबैभन्दा बढ्ता उपयोग गरिन् । आफ्ना राष्ट्राध्यक्ष सीले दिएको विश्वभर चीनीया मिडिया र प्रोपोगाण्डा संयन्त्र बलियो बनाउनु पर्ने निर्देशन उनले पालना गरिन् । भू-राजनीति मामिला पत्रकार अनिल गिरी चीनले अख्तियार गरेको मिडिया रणनीतिमाथि टिप्पणी गर्दै भन्छन, – “चीनले नेपालमा आफ्नो प्रभाव विस्तार गर्न सफ्ट पावरको रूपमा मिडियालाई उपयोग गर्ने आक्रमक नीति लिएको छ । यसको प्रभाव भूराजनीतिमा देखिएको छ ।”

[३८]http://np.china-embassy.gov.cn/eng/News/202204/t20220421_10671477.htm

# ५ निचोड र सुझाव

*आफ्नो पक्षमा विचार निर्माण गरेर नेपालमा हस्तक्षेप बढाउन चीनले मिडियामा लगानी र हस्तक्षेप बढाएको छ । त्यसका निम्ति उसले चीनका पत्रकारलाई नेपाली भाषा समेत सिकाएर संचारमाध्यममा परिचालन गरेको छ । त्यस्तै चीन समर्थक नेपाली पत्रकारमा आर्थिक लगानी गरेर मिडिया हाउस नै संचालन गरी दिएको छ । नेपाली मिडियामा चीनको लगानी अवैधानिक, अपरादर्शी र गैरकानुनी तवरले भित्रिएको छ ।*

भूराजनीतिक स्वार्थ पुरा गर्न चीनले नेपाली भूमिलाई आफ्नो अनुकूलतामा प्रयोग गर्ने रणनीतिलाई आक्रामक रुपले अघि बढाएको छ । कुनै बेला शान्त कुटनीतिमा सिमित चीन आफ्नो भुराजनीतिक रणनीति सफल पार्न नेपालमा जस्तोसुकै हत्कण्डा अपनाउन र कदम चाल्न समेत अग्रसर देखिएको छ । चीनले आफ्नो रणनीतिक स्वार्थका लागि नेपालमा रहेका वाम राजनीतिक दलभित्र आफ्नो पकड जमाउन खोजेको छ । पछिल्लो समय चीनमैत्री नीति लागू गर्न चीनले खुलेआम रुपमा मिडिया परिचालनलाई जोड दिएको छ । आफ्नो पक्षमा विचार निर्माण गरेर नेपालमा हस्तक्षेप बढाउन मिडियामा लगानी र हस्तक्षेप बढाइएको छ । त्यसका निम्ति उसले चीनका पत्रकारलाई नेपाली भाषा समेत सिकाएर संचारमाध्यममा परिचालन गरेको छ । त्यस्तै चीन समर्थक नेपाली पत्रकारमा आर्थिक लगानी गरेर मिडिया हाउस नै संचालन गरी दिएको छ । नेपाली मिडियामा चीनको लगानी अवैधानिक, अपरादर्शी र गैरकानुनी तवरले भित्रिएको छ ।

कानुनी बाटोबाट नेपाली मिडियामा लागनी गर्न सम्भव नभएकोले कानुन नै छलेर चीनले नेपालमा मिडिया परिचालन गरेको समेत पाइएको छ । मुलधारका मिडियाबाट विचार निर्माण अझ बलियो बनाउन सकिन्छ । यो तथ्यलाई बुझेर मुलधारका मिडियामा काम गरी रहेका पत्रकारहरुलाई अध्ययनवृत्ति उपलब्ध गराउने अनि चीनमा लगेर लामा छोटा अध्ययन भ्रमणमा सरिक गराउने काममा चीन संलग्न भएको धेरै भएको छ । कतिपय चीनमुखि नेपाली पत्रकारका बालबच्चालाई चीनमा अध्ययन गर्न छात्रवृति समेत दिइएको छ ।

नेपालमा बहुदलीय लोकतन्त्रको स्थापनापछि फस्टाएको मिडिया क्षेत्र सूचना प्रवाह र विचार निर्माणमा जर्बजस्त र हस्तक्षेपकारी मानिन्छ । मिडियाले राजनीतिक दल, समग्र समाज र राज्य व्यवस्थामा नै बलियो प्रभुत्व राख्दै आइरहेको चीनले बुझेको छ । त्यसैले बेल्ट एण्ड रोड इनिसिटीभ (बीआरआई) परियोजनामा नेपालसँग समझदारी गरेपछि चीनले आफ्नो स्वार्थमा काम गर्ने पत्रकारहरुको सञ्जाल नै

बनाइसकेको छ । चीनीया राजनीतिका अध्येताको बुझाईमा चीनले तिब्बतको सुरक्षा संवेदनशीलता र चीनीया व्यवसायीहरुको लगानी सुरक्षित गर्न/गराउन नेपालमाथि विशेष लगानी गरिरहेको छ । चीनको आर्थिक तथा प्राविधिक लगानीकै कारण उसले आफ्नो कुटनीतिक सीमा उल्लंघन गर्दा पनि नेपालमा चीनको बढ्दो हस्तक्षेपका बारेमा नेपाल सरकार, राजनीतिक दल तथा सरोकारवाला निकाय खुलेर बोल्न सकेका छैनन् । नीति निर्माण तहमै चीनको पहुँचले गर्दा सबैले मौनता साँधेका स्पष्ट हुन्छ । चीन मात्र होइन, नेपालसँग कुनै पनि देशले कुटनीतिक सीमा नाघेर कुनै कदम चाल्छन् भने त्यसको कुटनीतिक तहबाट प्रतिवाद गर्न जरुरी हुन्छ । तर, चीन मामिलामा नेपालले नरम रवैया अपनाएको देखिन्छ ।

नेपाल भूराजनीतिक शक्ति केन्द्रहरुको खेल मैदान बन्दै गइरहेको पछिल्लो परिप्रेक्ष्यमा राज्यसंयन्त्र र मिडियाभित्र चीनको यो तहसम्म बढेको प्रभाव घट्ने होइन, अरु बढ्दै जाने पक्का छ । यो प्रभाव हस्तक्षेपको तहसम्म बढ्दै गएका कारण नेपालको सामरिक एवं आन्तरिक सुरक्षा र असंलग्न परराष्ट्र नीति गम्भीर संकटमा पर्न सक्ने जोखिम बढेको छ । त्यो जोखिम नेपाल जस्तो सानो मुलुकले सामना गर्न नसक्ने चुनौतिको रुपमा खडा हुनसक्छ । त्यसैले सरकारको नियमन निकाय मार्फत मिडियामा भइरहेका अपारदर्शी र स्वार्थजन्य विदेशी लगानीमाथि निगरानी गर्न जरुरी छ । त्यसैगरी राज्य-राज्यबिच हुनुपर्ने दुई देशबिचको सम्बन्धलाई दल-दलबिच (चीनीया कम्युनिष्ट पार्टी र नेपाली बाम पार्टीबिच) मा झारिएको छ । यस्ता कुटनीतिक मर्यादा विपरितका कर्ममाथि पनि राज्यबाट नै लगाम लगाउन जरुरी भैसकेको छ । देशको विदेश नीतिलाई असन्तुलित बनाउन सक्रिय राजनीतिक दलहरुलाई जिम्मेवारीबोध गराउन कसैको स्वार्थमा नबहकिएका पत्रकार र मिडिया क्षेत्रले पनि विशेष सक्रियता देखाउन जरुरी छ ।

**About CESIF**

Centre for Social Inclusion and Federalism (CESIF) Nepal is a not-for- profit, autonomous and independent private research institution serving the public interest, with significant independence from any interest group. Our mission is to help the government create a democratic, secure and just society by making informed and transparent decisions about policies and practices.

Kumaripati, Lalitpur, 44700, Nepal
+977-1-5408814/05
info@cesifnepal.org
www.cesifnepal.org

CESIF
Centre for Social Inclusion and Federalism

ISBN 978-9937-1-4452-0
9 789937 144520